# निस्दी गाउँपालिका

# स्थानीय राजपत्र

निस्दी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुम्बिनी प्रदेश, नेपाल
मित्याल, पाल्पा

| खण्ड ८ | संख्या २ | मिति २०८१/०५/१३ |
|---|---|---|

## भाग २

### निस्दी गाउँपालिका

### लुम्बिनी प्रदेश, नेपाल

### निस्दी गाउँपालिकाको गाउँ शिक्षा नियमावली, २०८१

शिक्षा ऐन, २०२८ को दफा १९ तथा निस्दी गाउँ शिक्षा ऐन, २०८० (शंशोधन सहित) को दफा ७३ बमोजिम शिक्षा प्रशासन र शैक्षिक गतिविधिलाई सहज र सरल बनाउन वाञ्छनीय भएकाले निस्दी गाउँपालिकाको "**गाउँ शिक्षा नियमावली २०८१**" निस्दी गाउँपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी कार्यविधि, २०७४ बमोजिम सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

CS CamScanner

## निस्दी गाउँपालिका
## मित्याल, पाल्पा

# गाउँ शिक्षा नियमावली, २०८१

# निस्दी गाउँपालिका, पाल्पा
# गाउँ शिक्षा नियमावली- २०८१

**राजपत्रमा प्रकाशित मितिः २०८१/०५/१३**

शिक्षा ऐन, २०२८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी निस्दी गाउँपालिकाले देहायका नियमहरु बनाइएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो नियमावलीको नाम **निस्दी गाउँ शिक्षा नियमावली- २०८१** रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा-

(क) **"ऐन"** भन्नाले शिक्षा ऐन, २०२८ र निस्दी गाउँपालिकाको शिक्षा ऐन सम्झनु पर्छ।

(ख) **"मन्त्रालय"** भन्नाले नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनु पर्छ।

(ख१) **"प्रदेश मन्त्रालय"** लुम्बिनी प्रदेशको प्रदेश मन्त्रालय सम्झनु पर्छ।

(ग) **"केन्द्र"** भन्नाले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सम्झनु पर्छ।

(घ) **"इकाई"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाई सम्झनु पर्छ।

(ङ) **"गाउँपालिका"** भन्नाले निस्दी गाउँपालिका सम्झनु पर्छ।

(च) **"स्थानीय सरकार"** भन्नाले निस्दी गाउँपालिकाको स्थानीय सरकार सम्झनु पर्छ।

(छ) **"कार्यपालिका"** भन्नाले निस्दी गाउँपालिकाको गाउँ कार्यपालिका सम्झनु पर्छ।

(ज) **"गाउँ शिक्षा समिति"** भन्नाले निस्दी गाउँपालिकाको गाउँ शिक्षा समिति सम्झनु पर्छ।

(ज१) **"वडा शिक्षा समिति"** भन्नाले निस्दी गाउँपालिका अन्तर्गतका वडाहरुमा गठित वडा शिक्षा समिति सम्झनुपर्छ।

(झ) **" विद्यालय"** भन्नाले निस्दी गाउँपालिका अन्तर्गत सञ्चालित सबै विद्यालय सम्झनु पर्छ।

(ञ) **"सामुदायिक सिकाइ केन्द्र"** भन्नाले निस्दी गाउँपालिका अन्तर्गत सञ्चालित सामुदायिक सिकाइ केन्द्र सम्झनु पर्छ।

(ट) **"शैक्षिक गुठी"** भन्नाले विद्यालय सचालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्बजनिक वा नीजि गुठी सम्झनु पर्छ।

(ठ) **"प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(ठ१) **"अधिकृत"** भन्नाले गाउँपालिकाको शिक्षा अधिकृत सम्झनु पर्छ।

(ड) **" शिक्षक"** भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(ढ) **"शिक्षक छनौट समिति"** भन्नाले संघीय शिक्षा नियमावलीको नियम ९६क. बमोजिमको शिक्षक छनौट समिति सम्झनु पर्छ।

(ण) **"व्यवस्थापन समिति"** भन्नाले विद्यालय व्यवस्थापन समिति सम्झनु पर्छ।

(ण१) **"शि.अ.सं."** भन्नाले विद्यालयमा गठित शिक्षक-अभिभावकहरुको संघ सम्झनु पर्छ।

(त) **"परीक्षा"** भन्नाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा, माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा लगायत विद्यालय स्तरमा सञ्चालन हुने परीक्षा समेतलाई जनाउंछ।

(थ) **"परीक्षा समिति"** भन्नाले आधारभूत शिक्षा उत्तीर्ण परीक्षा र गाउँपालिका स्तरीय परीक्षा समिति सम्झनु पर्छ।

(द) **"अनौपचारिक शिक्षा"** भन्नाले संघीय शिक्षा नियमावलीको नियम ४८ बमोजिम दिइने शिक्षा सम्झनु पर्छ।

(ध) **"दूर शिक्षा"** भन्नाले पत्राचार, श्रव्य,दृश्य, श्रव्य-दृश्य वा अन्य सञ्चार माध्यमबाट कुनै विषयमा दिइने शिक्षा सम्झनु पर्छ।

(न) **"शिशु विकास केन्द्र"** भन्नाले चार वर्ष पूरा नभएका बालबालिकालाई शारीरिक, मानसिक वा वौद्धिक शिक्षा दिनको लागि संघीय शिक्षा नियमावलीको नियम ६७ बमोजिम खोलिएको शिशु विकास केन्द्र (प्रारम्भिक वालविकास केन्द्र समेत) सम्झनु पर्छ।

(प) **"प्रधानाध्यापक"** भन्नाले संघीय शिक्षा नियमावलीको नियम ९३ बमोजिम नियुक्त शिक्षक सम्झनु पर्छ ।

(फ) **"परिवार"** भन्नाले शिक्षकसँग एकासगोलमा बस्ने तथा निज आफैंले पालनपोषण गर्नु पर्ने पति, पत्नी, छोरा, धर्मपुत्र, अविवाहित छोरी वा धर्मपुत्री, बाबु, आमा वा सौतेनी आमा सम्झनु पर्छ र सो शब्दले पुरुष शिक्षकको हकमा निजको बाजे, बज्यै तथा महिला शिक्षकको हकमा निजको सासू, ससुरा समेतलाई जनाउंछ ।

(ब) **"नक्शाङ्कन"** भन्नाले केन्द्रले तोके बमोजिमको मापदण्ड अनुसारको विद्यालय नक्शाङ्कन सम्झनु पर्छ ।

(भ) **"स्रोत विज्ञ" भन्नाले** विद्यालय शिक्षामा प्राज्ञिक सहयोग गर्ने गाउँपालिकामा नियूक्त विज्ञलाई जनाउँछ ।

(म) **"जाँचबुझ समिति"** जाँचबुझ समिति भन्नाले शिक्षा सम्बन्धी निवेदन, गुनासो, उजुरी माथि छलफल गरी सिफारिश गर्ने र राय दिने समितिलाई जनाउँछ ।

(य) **"परिचालिका"** भन्नाले सामुदायिक सिकाइ केन्द्रमा कार्यरत कर्मचारीलाई जनाउँछ ।

(र) **"अनुसूचि"** भन्नाले संघीय शिक्षा ऐन र गाउँपालिका शिक्षा ऐन नियमावलीमा समावेश गरिएको अनुसूचिहरु सम्झनु पर्छ ।

**परिच्छेद - २**

**विद्यालय खोल्ने अनुमति वा स्वीकृत सम्बन्धी व्यवस्था**

**३. विद्यालय खोल्ने अनुमतिको लागि निवेदन दिनु पर्नेः**

(१) आधारभूत विद्यालय वा माध्यमिक विद्यालय खोल्न चाहनेले अनुमतिका लागि शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै वडाको सिफारिस सहित संघीय शिक्षा ऐनको अनुसूची -१ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत/शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

(२) पूर्व प्राथमिक विद्यालय खोल्न चाहनेले अनुमतिको लागि शैक्षिक सत्र शुरु हुनु भन्दा कम्तीमा दुई महिना अगावै वडाको सिफारिस सहित संघीय शिक्षा ऐनको अनुसूची - २ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत/ शिक्षा अधिकृत समक्ष निवेदन दिनु पर्नेछ ।

**४. विद्यालय खोल्नको लागि पूरा गर्नु पर्ने पूर्वाधारः**

विद्यालय खोल्नको लागि संघीय शिक्षा ऐनको अनुसूची - ३ बमोजिमको पूर्वाधार पूरा गरेको हुनु पर्नेछ ।

**५. विद्यालय खोल्न अनुमति दिनेः**

(१) विद्यालय खोल्ने सम्बन्धमा नियम ३ को उपनियम (१) बमोजिम निवेदन परेमा प्रमुख प्रशासकीय अधिकृत/ शिक्षा अधिकृतले निवेदन साथ प्राप्त कागजात जाचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) संचालन हुने विद्यालय खोल्न शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगावै संघीय शिक्षा ऐनको अनुसूची - ४ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

(२) उपनियम (१) बमोजिम अनुमति दिनु अघि जाँचबुझ समिति मार्फत प्रस्तावित विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गर्नु पर्नेछ ।

(३) नियम ३ को उपनियम (२) बमोजिम पूर्व प्राथमिक विद्यालय खोल्न निवेदन परेमा जाँचबझ समितिले निवेदन साथ प्राप्त कागजात र प्रस्तावित विद्यालयको आवश्यक पूर्वाधारको जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा त्यसरी खोलिने विद्यालयको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भएको देखिएमा शैक्षिक सत्र शुरु हुनुभन्दा तीस दिन अगावै विद्यालय खोल्न संघीय शिक्षा ऐनको अनुसूची - ५ बमोजिमको ढाँचामा अनुमति दिनेछ ।

**६. विद्यालयले पालना गर्नु पर्नेः**

ऐन र यस नियमावलीमा अन्यथा लेखिए देखि बाहेक विद्यालयले पालना गर्नु पर्ने शर्तहरु देहाय बमोजिम हुनेछः

(क) नेपाल सरकार तथा स्थानीय सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नु पर्ने,

(ख) पाठ्यक्रम विकास केन्द्र तथा स्थानीय सरकारको स्वीकृति बिना थप पाठ्यपुस्तक तथा पाठ्यसामग्री प्रयोग गर्न नहुने,

(ग) राष्ट्रियता प्रति आँच आउने पाठ्य सामग्री भएको पाठ्यपुस्तक विद्यालयमा अध्यापन गर्न-गराउन नहुने,

(घ) नेपाल सरकारले तोकेको न्यूनतम तलब रकममा नघटाई शिक्षकलाई तलब दिनु पर्ने, तर गाउँपालिका शिक्षक अनुदानको हकमा गाउँपालिकाले निर्धारण गरे अनुसार हुने,

(ङ) अभिभावकको बार्षिक भेला गराई विद्यालयको आय-व्यय, शैक्षिक उपलब्धि र आगामी शैक्षिक सत्रको कार्यक्रमको नियमित जानकारी गराउनु पर्ने,
(च) संघीय शिक्षा ऐनको नियम १७० बमोजिम आय व्ययको लेखा राख्नु पर्ने,
(छ) विद्यालयले गरेको लगानीको प्रमाणको अभिलेख राख्नु पर्ने,
(ज) नेपालको राष्ट्रिय एकता, सार्वभौमिकता तथा धार्मिक सहिष्णुता खलल पार्ने कुनै पनि क्रियाकलाप विद्यालयमा हुन नदिने,
(झ) विद्यालयमा तोकिएको शिक्षक संख्यामा नघट्ने गरी प्रचलित कानून बमोजिम योग्यता पुगेको शिक्षकको व्यवस्था गर्नु पर्ने,
(ञ) विद्यालयमा अतिरिक्त कार्यकलाप तथा अन्य कार्यक्रम सञ्चालन गर्नु पर्ने,
(ट) विद्यालय तथा छात्रबासमा स्वस्थकर र नैतिक चरित्र निर्माणको वातावरण कायम गर्न आवश्यक व्यवस्था मिलाउने,
(ठ) आवासीय विद्यालयले शुरुमा कम्तीमा दश प्रतिशत विद्यार्थीलाई आवासीय सुविधा पु-याउनु पर्ने,
(ड) शिक्षा विकास तथा समन्वय इकाइले दिएको निर्देशन अनुरुप काम गर्नु पर्ने,
(ढ) संघीय शिक्षा नियमावलीको अनुसूचि ३ बमोजिमका पूर्वाधारहरु यथावत राख्नु पर्ने,
(ण) मन्त्रालय वा सो अन्तर्गतका निकायले तोकेको ढाँचामा विद्यालयको शैक्षिक तथ्यांक तयार गरी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने।

**७. विद्यालय खोल्ने स्वीकृति प्रदान गर्ने**:(१) नियम ५ को उपनियम (१) र (२) बमोजिम अनुमति प्राप्त आधारभूत विद्यालय तथा माध्यमिक विद्यालयले स्वीकृतिको लागि संघीय शिक्षा ऐनको अनुसूची - ६ बमोजिमको ढाँचामा प्रमुख प्रशासकीय अधिकृत/ शिक्षा अधिकृतले समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (२) बमोजिम निवेदन प्राप्त भएमा प्रमुख प्रशासकीय अधिकृत/ शिक्षा अधिकृतले जाँचबुझ समिति मार्फत विद्यालयको जाँचबुझ गराउनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम जाँचबुझ सम्बन्धी प्रतिवेदन प्राप्त भएपछि गाउँ शिक्षा समितिले जाँचबुझ गरी त्यस्तो विद्यालयले नियम ६ बमोजिम शर्त पूरा गरेको देखिएमा गाउँ कार्यपालिकाको स्वीकृति लिई आधारभूत र माध्यमिक विद्यालयलाई संघीय शिक्षा ऐनको अनुसूची - ७ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।

(४) नियम ५ को उपनियम (३) बमोजिम अनुमति प्राप्त पूर्व प्राथमिक विद्यालयले स्वीकृतिको लागि संघीय ऐनको अनुसूची - ८ बमोजिमको ढाँचामा सम्बन्धित गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(५) उपनियम (३) बमोजिम प्राप्त निवेदन जाँचबुझ गर्दा त्यस्तो विद्यालयले नियम ६ बमोजिमको शर्त पूरा गरेको देखिएमा सम्बन्धित गाउँपालिकाले त्यस्तो विद्यालयलाई अनुसूची - ९ बमोजिमको ढाँचामा स्वीकृति प्रदान गर्नेछ।

(७) यस नियमावली बमोजिम पूर्व प्राथमिक विद्यालयको अनुमति वा स्वीकृति दिएको तीस दिन भित्र सम्बन्धित गाउँपालिकाले सोको जानकारी शिक्षा विकास तथा समन्वय इकाइमा पठाउनु पर्नेछ।

**८. मुनाफा नलिने गरी विद्यालय सञ्चालन गर्ने सम्बन्धी व्यवस्थाः**

(१) ऐनको दफा ३ को उपदफा (७) बमोजिम मुनाफा नलिने गरी सार्वजनिक शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न निवेदन दिने तथा त्यस्तो विद्यालयको अनुमति, स्वीकृति र कक्षा थप सम्बन्धी नियम ३, ५, ७, र ११ मा उल्लेख भए बमोजिम हुनेछ।

(२) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि उपनियम (१) बमोजिम विद्यालय सञ्चालन गर्न पूरा गर्नु पर्ने पूर्वाधार अनुसूची - ११ ख मा उल्लेख भए बमोजिम हुनेछ।

**९. शैक्षिक गुठी सम्बन्धी व्यवथाः**

(१) शैक्षिक गुठीको रपमा विद्यालय सञ्चालन गर्न चाहनेले शैक्षिक गुठी सम्बन्धी विधान बनाई गाउँपालिकामा दर्ता गराउनु पर्नेछ।

(२) शैक्षिक गुठी निजी र सार्वजनिक गरी दुई किसिमले दर्ता गर्न सकिनेछ। तर ऐनको दफा ३ को उपदफा (६) मा उल्लेखित विद्यालय सञ्चालन गर्न निजी गुठी दर्ता गर्न सकिने छैन।

(२क) उपनियम (२) को प्रतिबन्धात्मक वाक्यांशमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्ति वा संस्थाले निजी गुठीको रुपमा विद्यालय सञ्चालन गर्ने गरी कुनै विद्यालयलाई भवन वा जग्गा दान दातव्य दिएमा त्यस्तो विद्यालय निजी गुठीको रुपमा सञ्चालन गर्न सकिनेछ।

(३) शैक्षिक गुठी सम्बन्धी विधानमा देहायका कुराहरु खुलाएको हुनु पर्नेछः
(क) विद्यालयको नाम र ठेगाना,
(ख) शैक्षिक गुठीका संस्थापकको नाम र ठेगाना,
(ग) शैक्षिक गुठीका गुठीयार तथा गुठीयारको मुख्य भई काम गर्ने व्यक्तिको नाम, नियुक्ति प्रकृया र कार्यकाल,
(घ) गुठीयारको काम, कर्तव्य र अधिकार तथा निजहरुले पाउने सुविधा,
(ङ) शैक्षिक गुठीमा रहेको घर जग्गा, आम्दानी, ऋण तथा अन्य सम्पतिको विवरण,
(च) आवश्यक अन्य कुराहरु।
(४) सार्वजनिक शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक, प्रधानाध्यापक र मन्त्रालयले तोकेको व्यक्ति तथा निजी शैक्षिक गुठीमा सम्बन्धित विद्यालयका संस्थापक वा निजले तोकेको व्यक्ति पदेन गुठीयार हुनेछ।
(५) सार्वजनिक शैक्षिक गुठीमा कम्तीमा पाँच जना र निजी शैक्षिक गुठीमा संस्थापकले चाहे बमोजिमका व्यक्ति गुठीयार हुनेछन्।
(६) सार्वजनिक शैक्षिक गुठिको गुठीयारमा सरकारी प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि र अभिभावकहरु मध्येबाट कम्तीमा एक एक जना सदस्य राख्नु पर्नेछ।
(७) उपनियम (६) बमोजिम शैक्षिक गुठीमा प्रतिनिधित्व गर्ने सरकारी प्रतिनिधि गाउँपालिकाबाट तोकिनेछ।
(८) यस नियम बमोजिम स्थापना गरिएको शैक्षिक गुठीले यस नियमावली र अन्य प्रचलित कानून बमोजिम आफ्नो कार्य सञ्चालन गर्नेछ।

**१०. विद्यालयको सञ्चालनः**

विद्यालयको सञ्चालन ऐन तथा यस नियमावलीमा लेखिए बमोजिम हुनेछ।

**१०क. विद्यालय गाभ्न लिइने आधारः** संघीय शिक्षा ऐनको दफा १५ बमोजिम दुई वा दुईभन्दा बढी विद्यालय लाई गाभी एउटा विद्यालयमा कायम गर्दा देहायको आधारमा गर्न सकिनेछः

(क) संघीय शिक्षा ऐनको अनुसूचि-३ बमोजिमको पूवाधार कायम नरहेको
(ख) अधिकांश कक्षामा संघीय नियम ७७ बमोजिम विद्यार्थी संख्या नभएको
(ग) दुई वा दुईभन्दा बढी विद्यालयका व्यवस्थापन समितिले एउटै विद्यालयको रुपमा सञ्चालन गर्न संयुक्त निवेदन दिएको।
(घ) जाँचबुझ समितिको सिफारिशमा मापदण्ड बनाई विद्यालयहरु गाभ्न सक्नेछ।

**१०ख. विद्यालयको कक्षा समायोजन गर्न लिइने आधारः** गाउँ शिक्षा ऐनको दफा २० (१) बमोजिम देहायको आधारमा कक्षा समायोजन गर्न सकिनेछः

(क) तोकिए बमोजिमको विद्यार्थी संख्या नभएमा अर्थात निम्नानुसार विद्यार्थी संख्या भन्दा न्यून रहेमा
आधारभूत तह कक्षा १-३ मा कम्तीमा १५ जना
आधारभूत तह कक्षा १-५ मा कम्तीमा २५ जना
आधारभूत तह कक्षा १-८ मा कम्तीमा ५० जना
माध्यमिक तह कक्षा १-१० मा कम्तीमा ८० जना
माध्यमिक तह कक्षा १-१२ मा १०० जना

तर कक्षा १-३ का विद्यार्थीको लागि ३० मिनेट, कक्षा ४-५ का विद्यार्थीको लागि ४० मिनेट, कक्षा ६-८ का विद्यार्थीको लागि ६० मिनेट, कक्षा ९-१० का विद्यार्थीको लागि ९० मिनेट, कक्षा ११-१२ का विद्यार्थीको लागि १०० मिनेटको भौगोलिक दुरी भन्दा बढी हुनुहुंदैन।

**११. विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्थाः**

(१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा दुई महिना अगावै गाउँपालिकामा निवेदन दिनु पर्नेछ।
(२) उपनियम (१) बमोजिम निवेदन परेमा गाउँपालिकाले थप हुने कक्षाको लागि नियम ४ बमोजिमको पूर्वाधार पूरा भए नभएको सम्बन्धमा

जाँचबुझ समितिले आवश्यक जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा पूर्वाधार पूरा गरेको देखिएमा शैक्षिक सत्र शुरु हुनु भन्दा १ महिना अगावै प्रत्येक वर्ष एक कक्षाका दरले कक्षा थप गर्न अनुमति दिन सक्नेछ ।

(३) उपनियम (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो नियम प्रारम्भ हुनु भन्दा अघि संचालन भएका विद्यालयहरु यसै नियमावली बमोजिम भएको मानिनेछ ।

## परिच्छेद- ३

## गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**१२. गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

गाउँ शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) बालबालिकालाई कम्तीमा आधारभूत तहसम्मको शिक्षा अध्ययन गराउन प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने,

(ग) विद्यालयको शैक्षिक योजना सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पु-याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँड गर्ने,

(ङ) गरीबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम, तालिम, गोष्ठी, सेमिनार तथा कार्यशाला सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी रकम निकासाको लागि कार्यपालिकामा अनुरोध गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने,

(ञ) गाउँ शिक्षा योजना बनाई गाउँ सभाबाट स्वीकृत गरी कार्यान्वयन गर्ने,

(ट) सम्बन्धित गाउँ क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने,

(ठ) शिक्षकको कार्यदक्षताको आधारमा पुरस्कारको व्यवस्था गर्ने,

(ड) विद्यालयको लागि आवश्यक साधन स्रोत जुटाउने र परिचालन गर्ने,

(ढ) विद्यालयको नक्साङ्कन समेतलाई विचार गरी विद्यालय स्थापना गर्न सिफारिस गर्ने,

(ण) विद्यालय स्तरीय खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने ।

**१२क. गाउँ शिक्षा समितिको कार्यालयः**

(१) गाउँ शिक्षा समितिको कार्यालय गाउँपालिकामा रहनेछ ।

**१३. गाउँ शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) गाउँ शिक्षा समितिको बैठक दुई महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(२) गाउँ शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य- सचिवले बोलाउनेछ ।

(३) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि गाउँ शिक्षा समितिका एक तिहाई सदस्यले लिखित अनुरोध गरेमा सदस्य-सचिवले जहिलेसुकै पनि गाउँ शिक्षा समितिको बैठक बोलाउनु पर्नेछ ।

(३क) गाउँ शिक्षा समितिको बैठकमा गाउँपालिका क्षेत्र भित्रका विद्यालयका प्रधानाध्यापकहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

(४) गाउँ शिक्षा समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य-सचिवले साधारणतः तिन दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।

(५) गाउँ शिक्षा समितिका तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गाउँ शिक्षा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) गाउँ शिक्षा समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा गाउँ शिक्षा समितिको बैठकको उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(७) गाउँ शिक्षा समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बठैकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(८) गाउँ शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**१४. वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकारः**

वडा शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) आफ्नो वडा भित्रका बालबालिकालाई कम्तीमा आधारभूत तहसम्मको शिक्षा अध्ययन गराउन प्रोत्साहन गर्ने,

(ख) विद्यालयमा भर्ना भएका वा नभएका बालबालिका लगायत अन्य व्यक्तिको उमेर, जात, लिङ्ग समेतको आधारमा विवरण बनाई अद्यावधिक गराई राख्ने,

(ग) विद्यालयको शैक्षिक योजना निर्माणमा सहयोग गर्ने र सो सम्बन्धी अभिलेख अद्यावधिक गराई राख्ने तथा त्यस्तो योजनाको अनुगमन गरी आवश्यक पृष्ठपोषण दिने,

(घ) व्यवस्थापन समितिलाई स्थानीय स्रोत, साधनको पहिचान र परिचालनमा सहयोग पु-याउने तथा विद्यालयलाई प्राप्त स्रोतको बाँडफाँडमा समन्वय गर्ने,

(ङ) गरीबीको रेखामुनि रहेका परिवारको लगत राखी त्यस्ता परिवारका बालबालिकालाई शिक्षामा सहभागिता गराउन आवश्यक व्यवस्था मिलाउने,

(च) व्यवस्थापन समितिको कार्यमा समन्वय गर्ने तथा शिक्षाको गुणात्मक विकासको लागि विद्यालयको सुपरिवेक्षण र अनुगमन गरी प्रधानाध्यापक, शिक्षक लगायत व्यवस्थापन समितिलाई आवश्यक सुझाव र सहयोग गर्ने,

(छ) विद्यालयमा शैक्षिक गुणस्तर वृद्धि गर्न जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने,

(ज) विद्यालयको भौतिक स्थितिको अध्ययन गरी भौतिक सुधारको लागि गाउँपालिकामा अनुरोध गर्ने,

(झ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण तयार गर्ने,

(ञ) वडा शिक्षा योजना बनाई कार्यान्वयन गर्ने,

(ट) विद्यालय सुधार योजना निर्माणमा सहयोग र समन्वय गर्ने,

(ट) सम्बन्धित वडा क्षेत्रभित्रका शिक्षित जनशक्तिको अभिलेख राख्ने,

(ढ) विद्यालयको आवश्यकता सम्बन्धमा विद्यालयको नक्साङ्कन समेतलाई विचार गरी विद्यालय स्थापना गर्न सिफारिस गर्ने,

(ण) विद्यालय स्तरीय खेलकूद तथा अतिरिक्त शैक्षिक क्रियाकलापको विकास तथा सञ्चालन गराउने र सोको लागि पुरस्कारको व्यवस्था गर्ने।

**१४क. वडा शिक्षा समितिको कार्यालयः**

(१) वडा शिक्षा समितिको कार्यालय वडामा रहनेछ।

**१५. वडा शिक्षा समितिको बैठक सम्बन्धी कार्यविधिः**

(१) वडा शिक्षा समितिको बैठक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ।

(२) वडा शिक्षा समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य- सचिवले बोलाउनेछ।

(३) वडा शिक्षा समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद- ४

## व्यवस्थापन समितिको सदस्यको छनौट, काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि

**१६. व्यवस्थापन समितिको अध्यक्ष तथा सदस्य छनौट सम्बन्धी व्यवस्थाः**

(१) प्रधानाध्यपाकले ऐनको दफा १२ को उपदफा (१) को खण्ड (क) र (ख) बमोजिम सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि शैक्षिक सत्र शुरु भएको तीस दिनभित्र कम्तीमा सात दिनको सूचना दिई अभिभावकको भेला गराउनु पर्नेछ । तर निर्धारित पदावधि समाप्त भएको कारण अध्यक्ष वा सदस्य छनौट गर्ने प्रयोजनको लागि त्यसरी अध्यक्ष वा सदस्यको पदावधि समाप्त हुनुभन्दा कम्तीमा तीस दिन अगावै र अन्य अवस्थामा अध्यक्ष वा सदस्यको पद रिक्त भएमा पदपूर्ति गर्नको लागि त्यसरी रिक्त भएको पन्ध्र दिनभित्र अभिभावकहरुको भेला गराउनु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अभिभावकलाई भेला गराउनु तीन दिन अघि उपनियम (३) बमोजिमको समितिले अभिभावकको नामावली विद्यालयमा सार्वजनिक गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिम अध्यक्ष वा सदस्य छनौट गर्ने सम्बन्धमा अभिभावकलाई सहयोग गर्नको लागि शिक्षा अधिकृत / शिक्षा संयोजकको संयोजकत्वमा प्रधानाध्यापक र स्थानीय तहको प्रतिनिधिहरु रहेको चार सदस्यीय छनौट सहयोग समिति गठन गर्नेछ ।

(४) व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरुको छनौट सम्बन्धी अन्य कार्यविधि गाउँ शिक्षा समितिले तोके बमोजिम हुनेछ ।

**१६क. राजीनामा स्वीकृत गर्ने अधिकारीः**

व्यवस्थापन समितिका सदस्यको राजीनामा सो समितिका अध्यक्षले र व्यवस्थापन समितिका अध्यक्षको राजीनामा सम्बन्धित व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा त्यस्तो सदस्यको राजीनामा ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ख) बमोजिमको सदस्यहरुमध्ये उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ सदस्यले स्वीकृत गर्नेछ ।

**१७. अभिभावक राख्न नहुनेः**

विद्यालयले विद्यार्थीका बुबा, आमा, दाजु, भाइ, दिदी,बहिनी, बाजे, बज्यै वा विद्यार्थीको पालन पोषण गर्ने र पठन पाठनको व्यवस्था मिलाउने व्यक्ति बाहेक अन्य व्यक्तिलाई अभिभावकको रुपमा राख्नु हुंदैन ।

तर व्यवस्थापन समितिको अध्यक्ष र सदस्यहरु छनौट गर्ने प्रयोजनको लागि विद्यार्थीको बाबु, आमा, बाजे वा बज्यै मात्र अभिभावक मानिनेछ।

**१७क. व्यवस्थापन समितिको सदस्य हुन उपलब्ध गराउनु पर्ने रकम, घर वा जग्गाः**

ऐनको दफा १२ को उपदफा (१) को खण्ड (ङ१) को प्रयोजनको लागि सामुदायिक विद्यालयलाई पचास हजार रुपैंया भन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने चन्दादाताहरु मध्ये सबभन्दा बढी रकम, घर वा जग्गा उपलब्ध गराउने व्यक्तिलाई व्यवस्थापन समितिको सदस्यमा मनोनित गर्नु पर्नेछ ।

**१८. सामुदायिक विद्यालयको व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः**

(१) ऐनमा लेखिए देखि बाहेक सामुदायिक विद्यालयको व्यवस्थापन समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयको सञ्चालन, रेखदेख, निरीक्षण र व्यवस्थापन गर्ने,

(ख) विद्यालयको लागि चाहिने आर्थिक स्रोत जुटाउने,

(ग) शिक्षकलाई तालिमको लागि छनौट गर्ने,

(घ) स्वीकृत तलबी अध्ययन विदामा जाने शिक्षकलाई विदाबाट फर्केपछि कम्तीमा तीन वर्ष विद्यालयमा सेवा गर्नु पर्ने सम्बन्धमा शर्तहरु निर्धारण गरी कबुलियतनामा गराउने,

(ङ) शिक्षकहरुको सेवाको सुरक्षा र सम्वर्धन गर्ने,

(च) विद्यालयको आन्तरिक स्रोतबाट बेर्होने गरी शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने,

(छ) नेपाल सरकारबाट स्वीकृत भएको दरबन्दीको शिक्षक पद रिक्त हुन आएमा स्थायी पूर्तिको लागि सो पद रिक्त भएका मितिले पन्ध्र दिनभित्र शिक्षा विकास तथा समन्वय इकाइमा लेखी पठाउने,

(ज) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी जाँच गरी गयल हुने शिक्षक वा कर्मचारी उपर आवश्यक कारबाही गर्ने तथा आवश्यकतानुसार आफ्नो राय सहितको प्रतिवेदन कारबाहीको लागि गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने,
(झ) विद्यालयको शैक्षिक स्तर वृद्धि गर्न आवश्यक सामान तथा शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने,
(ञ) तिनै तहका सरकारबाट सञ्चालन हुने बिभिन्न कार्यक्रमहरुमा विद्यालयलाई सरिक गराउने,
(ट) विद्यार्थीहरुको पालना गर्नु पर्ने आचारसंहिता बनाई लागू गर्ने,
(ठ) शिक्षकहरुको अभिलेख अध्यावधिक गराई राख्ने,
(ड) प्रत्येक वर्ष विद्यालयका चन्दादाता र अभिभावकहरुको भेला गराई विद्यालयको अघिल्लो शैक्षिक बर्षको आय- व्यय तथा शैक्षिक उपलब्धी र आगामी शैक्षिक कार्यक्रमको सम्बन्धमा जानकारी गराउने,
(ढ) शिक्षकलाई गरिएको विभागीय कारबाहीको जानकारी गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख समक्ष पठाउने,
(ढ१) विद्यालयको लेखा परीक्षण गाउँपालिकामा सुचिकृत लेखा परीक्षकहरु मध्येबाट गराउने,
(ढ२) विद्यार्थी, शिक्षक तथा अभिभावकलाई विद्यालयको विकास तथा पठनपाठन सम्बन्धमा उत्प्रेरित गर्न आवश्यक व्यवस्था मिलाउने,
(ण) निरीक्षकले विद्यालयको छड्के जाँच वा निरीक्षण गर्दा हाजिरी पुस्तिकामा गयल जनाएकोमा त्यस्तो गयल वापत तलब कट्टी गर्ने,
(त) व्यवस्थापन समितिले सचिवालय विद्यालय भवनमा राख्ने तथा विद्यालयको कागजपत्र र अभिलेख सुरक्षित गर्ने,
(थ) गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइले दिएको निर्देशन अनुरुप काम गर्ने।
(२) व्यवस्थापन समितिले आफ्नो अधिकार मध्ये आवश्यकतानुसार केही अधिकार व्यवस्थापन समितिको सदस्य- सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

**१९. व्यवस्थापन समिति विघटन गर्न सक्ने अवस्थाः**

देहायका अवस्थामा गाउँ शिक्षा समितिको सिफारिसमा गाउँ कार्यपालिकाले व्यवस्थापन समिति विघटन गर्न सकिनेछः
(क) विद्यालयको सम्पति हिनामिना गरेमा,
(ख) विद्यालयको शैक्षिक वातावरण खल्वल्याएमा,
(ग) नेपाल सरकार र गाउँपालिकाको नीति विपरीत काम गरेमा,
(घ) विद्यालयको व्यवस्थापन सन्तोषजनक रुपमा गर्न नसकेमा, वा
(ङ) सम्बन्धित निकाय वा अधिकारीले दिएको निर्देशनको पालन नगरेमा।

१९क. व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन नसक्नेः देहायको व्यक्ति व्यवस्थापन समितिको अध्यक्ष र सदस्य हुन सक्ने छैन।
(क) गैर नेपाली नागरिक,
तर नेपाल सरकारसँग भएको सम्झौता बमोजिम खोलिएको विद्यालयको व्यस्थापन समितिको अध्यक्ष अभिभावक मध्ये गाउँपालिकाको अनुमतिमा जुनसुकै व्यक्ति हुन सक्नेछ,
(ख) पच्चीस वर्ष उमेर पूरा नभएको,
(ग) आधारभूत तह (कक्षा १-५) को विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि सामान्य लेखपढ गर्न नजान्ने, आधारभूत तह (कक्षा १-८) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा कक्षा आठ उत्तीर्ण नगरेको र माध्यमिक विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि कम्तीमा एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण नगरेको।
तर आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा १-१२) विद्यालयको व्यवस्थापन समितिको अध्यक्ष हुनको लागि त्यस्तो शैक्षिक योग्यता भएको व्यक्ति नभएमा सो भन्दा कम शैक्षिक योग्यता भएको व्यक्ति पनि अध्यक्ष हुन सक्नेछ।
(घ) अध्यक्षको लागि विद्यालयको शिक्षक वा कर्मचारीको पदमा बहाल रहेको,
(ङ) प्रचलित कानून बमोजिम कालो सूचीमा परेको,
(च) नैतिक पतन हुने फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएको।

**२०. शिक्षक- अभिभावक संघ सम्बन्धी व्यवस्थाः**

(१) सामुदायिक विद्यालयका सम्पूर्ण शिक्षक तथा अभिभावकहरु सदस्य रहेको एक शिक्षक-अभिभावक संघ रहनेछ।

(२) व्यवस्थापन समितिले अभिभावकहरुको भेला गराई सो समितिको अध्यक्ष, प्रधानाध्यापक तथा कम्तीमा एक जना शिक्षक र अभिभावकहरु समेत गरी बढीमा एघार सदस्यीय शिक्षक - अभिभावक संघको कार्यकारी समिति गठन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम गठित कार्यकारी समितिका सदस्यको पदावधि दुई वर्षको हुनेछ।

(४) उपनियम (२) बमोजिमको कार्यकारी समितिको बैठक तीन महिनामा कम्तीमा एकपटक बस्नेछ र सो समितिको बैठक सम्बन्धी अन्य कार्यविधि कार्यकारी समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(५) उपनियम (२) बमोजिमको कार्यकारी समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शिक्षकको गुणस्तर कायम गर्नको लागि आवश्यक काम गर्ने,

(ख) यस नियमावली बमोजिम विद्यालयले शुल्क निर्धारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने तथा सो सम्बन्धमा विद्यालयलाई आवश्यक सुझाव दिने,

(ग) विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने तथा सो सम्बन्धमा अन्तर्क्रिया गर्ने।

(६) संस्थागत विद्यालयको व्यवस्थापन समितिले यस नियम बमोजिम शिक्षक- अभिभावक संघको कार्यकारी समिति गठन गर्दा सात सदस्यमा नघटाई गर्नु पर्नेछ।

## परिच्छेद - ५
## पाठ्यक्रम तथा पाठ्यपुस्तक सम्बन्धी व्यवस्था

**२१. पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नु पर्नेः** विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्नु पर्नेछ।

**२२. थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्न स्वीकृत लिनु पर्नेः**

(१) कुनै विद्यालयले थप पाठ्यसामग्री तथा पाठ्यपुस्तक प्रयोग गर्न चाहेमा स्वीकृतिको लागि गाउँपालिकामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम परेको निवेदन जाँचबुझ गर्दा निवेदन दिन विद्यालयलाई थप पाठ्यसामग्री वा पाठ्यपुस्तक अध्यापन गर्ने स्वीकृति दिन मनासिव देखिएमा र त्यसरी माग गरिएको थप पाठ्यसामग्री वा पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले स्वीकृत गरेको सूचीमा पर्ने देखिएमा गाउँपालिकाले त्यस्तो थप पाठ्यसामग्री वा पाठ्यपस्तक प्रयोग गर्न स्वीकृति दिनेछ।

(३) विद्यालयले अध्यापन गराउने ऐच्छिक विषयको स्वीकृति गाउँपालिकाबाट लिनु पर्नेछ।

(४) गाउँपालिकाले स्थानीय बिषयको पाठ्यक्रम र पाठ्यपुस्तक तयार गरी लागू गर्नु पर्नेछ।

## परिच्छेद - ६
## परीक्षाको परिचालन र नियन्त्रण सम्बन्धी व्यवस्थाः

**२३. प्राथमिक शिक्षा सिकाई उपलब्धि परीक्षण सम्बन्धी व्यवस्थाः**

(१) आधारभूत तहका कक्षा तीन र पाँचका विद्यार्थीहरुको सिकाई उपलब्धि परीक्षण गर्नको लागि प्रत्येक गाउँपालिकामा देहाय बमोजिमको एक सिकाई उपलब्धि परीक्षण समिति रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका अन्तर्गतका विद्यालयका शिक्षकहरु मध्येबाट आधारभूत तह (१-५) का शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला समितिका अध्यक्षले मनोनीत गरेका दुई जना - सदस्य

(ग) शिक्षा शाखा कर्मचारी - सदस्य

(घ) शिक्षा अधिकृत - सदस्य सचिव

अन्य पदाधिकारी / कर्मचारीलाई आमन्त्रित गर्न सकिनेछ।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिमको सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ।

(३) उपनियम (१) बमोजिमको समितिले विद्यार्थीको सिकाई उपलब्धी परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काम गर्नेछ।

(४) उपनियम (१) बमोजिमको समितिलाई विद्यार्थीको सिकाई उपलब्धि परीक्षण गर्न आवश्यक पर्ने परीक्षा सम्बन्धी सम्पूर्ण काममा सहयोग पु-याउनु विद्यालयको कर्तव्य हुनेछ।

**२४. आधारभूत तह उत्तीर्ण परीक्षाको संचालन र नियन्त्रणः** (१) आधारभूत तहको अन्त्यमा पालिका स्तरीय आधारभूत तह उत्तीर्ण परीक्षा लिईने छ। उक्त परीक्षाको संचालन, व्यवस्थापन र नियन्त्रण गर्नको लागि देहाय बमोजिमको आधारभूत तह उत्तीर्ण परीक्षा समिति

रहनेछ।

(क) गाउँपालिकाको अध्यक्ष - अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) गाउँपालिका अन्तर्गतका माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्येबाट एक जना -सदस्य

(ख) कक्षा ८ सञ्चालित विद्यालयका शिक्षकहरुको प्रतिनिधित्व हुने गरी कम्तीमा एक जना महिला सहित समितिले मनोनीत गरेको तिन जना - सदस्य

(ग) शिक्षा अधिकृत - सदस्य- सचिव

(१क) परीक्षा समितिले बैठकमा कक्षा ८ संचालित विद्यालयका प्रधानाध्यापक, आवश्यक अन्य कर्मचारी र सम्बन्धित विषयका विशेषज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

(२) उपनियम (१) बमोजिम गठित समितिको पदावधि तिन वर्षको हुनेछ।

(३) परीक्षा समितिको बैठक सम्बन्धी कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**२५. आधारभूत तह उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकारः**

(१) आभारभूत शिक्षा उत्तीर्ण परीक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) परीक्षा परिचालन सम्बन्धमा नीति निर्धारण गर्ने,

(ख) मन्त्रालयले तोकेको न्यूनतम शैक्षिक स्तर कायम गरेका विद्यालयलाई आफ्नो विद्यालयको परीक्षा आफै वा समूहगत रुपमा सञ्चालन गर्न अनुमति दिने,

(ग) परीक्षा केन्द्र तोक्ने,

(घ) विद्यालयहरुलाई समूहमा विभाजन गरी परीक्षा सञ्चालन गर्ने,

(ङ) परीक्षाफल प्रकाशित गर्ने तथा उत्तीर्ण परीक्षार्थीलाई प्रमाणपत्र दिने,

(च) परीक्षा सम्बन्धी काममा संलग्न व्यक्तिको पारिश्रमिक निर्धारण गर्ने,

(छ) कुनै परीक्षा केन्द्रमा अनियमिता भएमा आवश्यकता अनुसार परीक्षा बदर गरी पुनः परीक्षा गराउने वा त्यस्तो परीक्षा केन्द्र बन्द गर्ने र अनियमिततामा गर्ने- गराउनेलाई तोकिए बमोजिम कारवाही गर्ने,

(ज) दैवी प्रकोप वा अन्य कुनै कारणबाट निर्धारण समयमा परीक्षा सञ्चालन गर्न वा परीक्षाफल प्रकाशित गर्न बाधा परेमा तुरुन्तै आवश्यक निर्णय लिने,

(झ) मन्त्रालय, केन्द्र तथा निर्देशनालयले तोके बमोजिमका अन्य काम गर्ने।

(१क) उपनियम (१) को खण्ड (ङ) बमोजिम प्रमाणपत्र दिंदा परीक्षा समितिले प्रचलित मूल्याङ्कन पद्धति अनुसार हुने गरी मात्र प्रमाण-पत्र दिनेछ।

(२) परीक्षा समितिले उपनियम (१) बमोजिम आफूलाई प्राप्त अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार उप- समिति वा कार्यटोली गठन गरी सो उप- समिति वा कार्यटोली वा कुनै अधिकारीलाई सुम्पन सक्नेछ।

## परिच्छेद - ७

## अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था

**२६.** (१) अनौपचारिक शिक्षा सम्बन्धी व्यवस्था संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

(२) उपनियम (१) बमोजिमको शिक्षा सामुदायिक सिकाइ केन्द्र वा अन्य संघ संस्थाले समेत सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद - ८

## दूर शिक्षा सम्बन्धी व्यवस्था

**२७.** (१) दूर शिक्षा सम्बन्धी व्यवस्था संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - ९

## बिशेष शिक्षा सम्बन्धी व्यवस्था

**२८.** (१) बिशेष शिक्षा सम्बन्धी व्यवस्था संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद - १०
## शिशु विकास केन्द्र सम्बन्धी व्यवस्था

**२९. शिशु विकास केन्द्र स्थापना सम्बन्धी व्यवस्थाः**

(१) कुनै संस्थाले शिशु विकास केन्द्र स्थापना गर्न चाहेमा स्वीकृतिको लागि सम्बन्धित गाउँपालिका समक्ष अनुसूची - २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा गाउँपालिकाले सो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदकलाई शिशु विकास केन्द्र स्थापना गर्न स्वीकृति दिन मनासिव देखिएमा आवश्यक शर्त तोकी अनुसूची- ५ बमोजिमको ढाँचामा स्वीकृति दिनेछ।

(३) कुनै संस्थाले उपनियम (२) बमोजिम तोकिएको शर्त अनुरुप शिशु विकास केन्द्र सञ्चालन नगरेमा गाउँपालिकाले त्यस्तो केन्द्रलाई दिएको स्वीकृति कुनै पनि बखत रद्द गर्न सक्नेछ।

**३०. शिशु विकास केन्द्र स्थापना गर्न चाहिने पूर्वाधारः**

शिशु विकास स्थापना गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको हुनु पर्नेछ।

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन भएको,

(ख) भवन बाहेक आधा रोपनी वा एक कठ्ठा जग्गा भएको,

(ग) बाल उद्यानको व्यवस्था भएको,

(घ) सफा र स्वच्छ खानेपानी र शौचालयको व्यवस्था भएको,

(ङ) केन्द्रमा आउने शिशुको संख्या भएको,

(ङ) कम्तीमा दुईजना सुसारेहरु भएको।

**३१. स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेः**

शिशु विकास केन्द्रमा पाठ्यक्रम विकास केन्द्रबाट स्वीकृत पाठ्यक्रम प्रयोग गर्नु पर्नेछ।

## परिच्छेद - ११
## तालिम तथा प्रशिक्षण सम्बन्धी व्यवस्था

**३२. तालिम वा प्रशिक्षण छाड्न नहुने वा खटाएको ठाउँमा गई काम गर्नु पर्नेः**

तालिम वा प्रशिक्षणमा संलग्न शिक्षक तथा कर्मचारीले बीचमा तालिम वा प्रशिक्षण छाड्नु हुँदैन। तालिम वा प्रशिक्षण सकिएपछि शिक्षक वा कर्मचारीले आफू बहाल रहेको ठाउँमा गई काम गर्नु पर्नेछ। कुनै शिक्षक वा कर्मचारीले बीचमा तालिम वा प्रशिक्षण छाडेमा वा तालिम वा प्रशिक्षण लिई सके पछि आफूलाई तोकिएको गई काम नगरेमा निजको लागि तालिम वा प्रशिक्षणमा लागेको सम्पूर्ण खर्च असूल उपर गरी निज उपर विभागीय कारबाही समेत गर्न सकिनेछ।

## परिच्छेद - १२
## अतिरिक्त क्रियाकलाप

**३३. अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्नु पर्नेः**

(१) विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासको लागि विद्यालयमा अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

(२) अतिरिक्त क्रियाकलाप कार्यक्रममा शिक्षक तथा विद्यार्थी दुवैले भाग लिनु पर्नेछ।

(३) विद्यालयले अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः

(क) विद्यालयमा राष्ट्रियताको भावना जगाउने, मनोरञ्जनात्मक तथा राष्ट्रिय संस्कृति वा कलाहरु प्रति अभिरुचि बढाउने किसिमका नाटक, नृत्य र लोक संगीतको अभ्यास तथा प्रतियोगिता गर्ने,

(ख) विद्यार्थीको शारीरिक विकासको लागि विभिन्न किसिमका खेलकूदहरु नियमित रुपमा अभ्यास र सञ्चालन गर्ने,

(ग) विद्यार्थीहरुमा सामाजिक सेवा र वातावरण संरक्षण प्रति चेतना बढाउने तथा विद्यार्थीहरुलाई शिक्षण संस्था, सामुदायिक स्थल वा त्यस्तै अन्य स्थानको सरसफाई र संरक्षण, विद्यालय बगैचा, करेसाबारीको निर्माण, वृक्षारोपण र साक्षरता जस्ता कार्यक्रमहरुमा संलग्न गराउन प्रोत्साहित गर्ने,

(घ) राष्ट्रिय, अन्तर्राष्ट्रिय, ऐतिहासिक, सामाजिक, धार्मिक पर्वको महत्व तथा नैतिकता सम्बन्धमा प्रवचन गर्न लगाउने,
(ङ) स्काउट, जुनियार रेडक्रस जस्ता संस्थाका इकाई खोल्न प्रोत्साहित गर्ने ।
(४) उपनियम (१) बमोजिम अतिरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन गर्ने सन्दर्भमा विद्यालयले देहाय बमोजिमका प्रतियोगितामा विद्यार्थीहरुलाई भाग लिन लगाउनु पर्नेछः
(क) चित्रकला र हस्तकला प्रतियोगिता,
(ख) बाद्यबादन प्रतियोगिता,
(ग) नृत्य प्रतियोगिता,
(घ) नाटक प्रतियोगिता,
(ङ) वक्तृत्वकला प्रतियोगिता,
(च) हाजिरी जवाफ प्रतियोगिता,
(छ) हिज्जे प्रतियोगिता,
(ज) खेलकूद प्रतियोगिता,
(झ) साहित्यिक गतिविधि, कविता र निवन्ध प्रतियोगिता,
(ञ) फूलबारी प्रतियोगिता,
(ट) अन्य प्रतियोगिता ।
(४क) विद्यालयले शुक्रबारको दैनिक पठन पाठनको कार्य समाप्त भएपछि विद्यार्थीहरुलाई अतिरिक्त क्रियाकलापको कार्यक्रममा सहभागी गराउनु पर्नेछ ।
(४ख) गाउँपालिकाले विद्यार्थीहरुलाई सहभागी गराई पालिका स्तरीय खेलकूद प्रतियोगिता सञ्चालन गर्नु पर्नेछ ।
(५) विद्यालयले अतिरिक्त क्रियाकलाप सञ्चालन गर्न आवश्यकता अनुसार समिति गठन गर्न सक्नेछ।
(६) उपनियम (४) बमोजिमको प्रतियोगिता बिशिष्टता देखाउने विद्यार्थी तथा विद्यालयलाई प्रोत्साहित गर्न पुरस्कार प्रदान गर्न सकिनेछ।

## परिच्छेद - १३

## विद्यार्थी संख्या, विद्यार्थी भर्ना, कक्षा चढाउने र स्थानान्तरण सम्बन्धी व्यवस्था

**३४.** विद्यार्थी संख्या,विद्यार्थी भर्ना,कक्षा चढाउने र स्थानान्तरण सम्बन्धी व्यवस्था संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ।

**३५. शैक्षिक सत्र, भर्ना गर्ने समय र काम गर्ने दिनः**

(१) विद्यालयको शैक्षिक सत्र बैशाख एक गते देखि प्रारम्भ भई चैत्र मसान्तसम्म कायम रहनेछ ।
तर महामारी वा यस्तै अन्य विपदका कारण शैक्षिक सत्र परिवर्तन गर्नु पर्ने अवस्था भएमा मन्त्रालयले तोके बमोजिम शैक्षिक सत्र परिवर्तन हुन सक्नेछ ।
(२) विद्यालयको शैक्षिक सत्र शुरु भएको मितिले सामान्यतया एक महिनाभित्र वा तोकिए बमोजिम नयाँ विद्यार्थी भर्ना गर्नु पर्नेछ ।
(३) उपनियम (२) बमोजिमको अवधि नघाई कुनै विद्यार्थी भर्ना हुन आएमा विद्यालयले त्यस्तो विद्यार्थीको अध्ययनको स्तर जाँच्दा निजले सो कक्षामा भर्ना भई बार्षिक परीक्षामा उत्तीर्ण गर्न सक्ने देखिएमा त्यस्तो विद्यार्थीलाई अर्को एक महिनासम्म भर्ना गर्न सकिनेछ ।
(४) कसैले पनि शैक्षिक सत्र शुरु नभई विद्यार्थी भर्ना गर्न गराउन हुदैन ।
(५) विद्यालयको एक शैक्षिक सत्रमा काम गर्ने दिन कम्तीमा दुईसय बीस दिन हुनेछ ।
(६) सामुदायिक विद्यालयको शिक्षकले हप्तामा कम्तीमा चौबीस पिरियडको कक्षा लिनु पर्नेछ ।
(७) भौतिक पूर्वाधार पूरा गरेका विद्यालयले तोकिएको पाठ्यभारमा नघट्ने गरी विद्यार्थी संख्याको आधारमा एकै दिनमा एकभन्दा बढी समय (सिफ्ट) मा कक्षा सञ्चालन गर्न सक्नेछ ।

**३६. विद्यालय बन्द हुनेः**

(१) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारले सार्वजनिक बिदा तोकेको दिन विद्यालय बन्द हुनेछ ।
(२) वडादशैको घटस्थापनादेखि पूर्णिमासम्म विद्यालय बन्द रहनेछ ।

(३) एक शैक्षिक सत्रमा हिउँदे बिदा वा बर्षे बिदा वा दुवै गरी पैतालीस दिन विद्यालय बन्द रहनेछ।
(४) उपनियम (२) मा लेखिए देखि बाहेक व्यवस्थापन समितिले एक शैक्षिक सत्रमा थप पाँचदिन सम्म स्थानीय बिदा दिई विद्यालय बन्द गर्न सक्नेछ।
(५) माथि लेखिएदेखि बाहेक अन्य दिन विद्यालय बन्द गरेमा प्रधानाध्यापकलाई विभागीय कारबाही गरिनेछ।

## परिच्छेद - १४

**३७. पद रिक्त भएको नमानिने:** कुनै शिक्षक माथिल्लो श्रेणीको पदमा बढुवा भएमा निजको साविकको श्रेणीको पद बढुवा भएको श्रेणीको पदमा स्वतः कायम हुनेछ। यसरी बढुवा भएपनि निजको साविकको श्रेणीको पद रिक्त भएको मानिदैन।

**३८. महिला शिक्षिकाको पद रहने:**
(१) प्राथमिक विद्यालयमा तीन जनासम्म शिक्षक दरबन्दी भए कम्तीमा एक जना, सात जनासम्म शिक्षक दरबन्दी भए कम्तीमा दुई जना र सो भन्दा बढी शिक्षक दरबन्दी भए कम्तीमा तीन जना महिला शिक्षिकाको पद रहनेछ।
(२) यो नियम प्रारम्भ हँदाका बखत पुरुष शिक्षक कार्यरत रहेको प्राथमिक विद्यालयमा कुनै कारणबाट शिक्षक रिक्त हुन आएमा उपनियम (१) को अधिनमा रही महिला शिक्षिका नियुक्ति गरिनेछ।
(३) उपनियम (२) मा जुन सुकै कुरा लेखिएको भए तापनि महिला उम्मेदवारद्वारा शिक्षक पदपूर्ति हुन नसक्ने भएमा सम्बन्धित अधिकारीको सहमति लिई पुरुषलाई नियुक्ति गर्न सक्नेछ।
(४) उपनियम (२) विपरीत कसैले शिक्षक नियुक्ति गरेमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले त्यस्तो नियुक्ति बदर गरी त्यसरी नियुक्ति गर्ने निकाय वा अधिकारीलाई यस नियमावली बमोजिम कारबाही गर्न सक्नेछ।

**३९. विद्यालयमा रहने शिक्षक दरबन्दी:**
मन्त्रालयबाट स्वीकृत दरबन्दीको आधारमा सामुदायिक विद्यालयमा रहने शिक्षक दरबन्दी अनुसूची - १२ वा मन्त्रालयले तोके बमोजिम हुनेछ।

## परिच्छेद - १५

## प्रधानाध्यापक र शिक्षकको नियुक्ति तथा काम, कर्तव्य र अधिकार

**४०. प्रधानाध्यापक सम्बन्धी व्यवस्था:**
(१) विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्न प्रत्येक विद्यालयमा एक जना प्रधानाध्यापक रहनेछ।
(२) व्यवस्थापन समितिले सामुदायिक विद्यालयमा रिक्त प्रधानाध्यापक पदमा नियुक्तिको लागि प्राथमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा सो सरह, निम्न माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह वा सो सरह र माध्यमिक तहको प्रधानाध्यापकको हकमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर तह वा सो सरह उत्तीर्ण गरी सम्बन्धित विद्यालयको सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरु मध्येबाट दरखास्त आव्हान गर्नेछ।
तर शिक्षाशास्त्र विषयमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण गरी माध्यमिक तहमा दश वर्ष स्थायी सेवा गरेको शिक्षक माध्यमिक तहको प्रधानाध्यापकको पदमा उम्मेदवार हुन पाउनेछ।
(३) उपनियम (२) बमोजिम दरखास्त आव्हान भएमा सम्बन्धित शिक्षकले व्यवस्थापन समितिले तोकेको म्यादभित्र विद्यालय विकास प्रस्ताव सहित व्यवस्थापन समिति समक्ष दरखास्त दिने सक्नेछ।
(४) उपनियम (३) बमोजिम प्राप्त विद्यालय विकास प्रस्ताव सहितको दरखास्त व्यवस्थापन समितिले शिक्षक छनौट समिति समक्ष पठाउनेछ।
(५) उपनियम (४) बमोजिम विद्यालय विकास प्रस्ताव सहितको दरखास्त प्राप्त भएपछि शिक्षक छनौट समितिले संघीय शिक्षा ऐनको अनुसूची - १३ मा उल्लिखित आधारमा मूल्याङ्कन गरी सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई प्रधानाध्पाकको पदमा नियुक्ति गर्न व्यवस्थापन समिति समक्ष सिफारिस गर्नु पर्नेछ।
तर साठी अंक प्राप्त नगर्ने उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि सिफारिस गरिने छैन।

(६) उपनियम (५) बमोजिम सिफारिस प्राप्त भएमा निजले गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्य दक्षता करार गरी समुदायद्धारा सञ्चालित विद्यालय भए व्यवस्थापन समिति आफैले त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकमा नियुक्ति गर्नेछ र अन्य सामुदायिक विद्यालयमा भए त्यस्तो उम्मेदवारलाई प्रधानाध्यापकको पदमा नियुक्तिको लागि आवश्यक कागजात सहित गाउँपालिकामा लेखी पठाउनु पर्नेछ ।

(७) उपनियम (६) बमोजिम लेखी आएमा गाउँपालिकाले निजले पेश गरेको विद्यालय विकास प्रस्तावमा लेखिएका सूचकहरु समयबद्ध रुपमा पूरा गर्ने कार्य दक्षता करार गरी पन्ध्र दिनभित्र सम्बन्धित उम्मेदवारलाई प्रधानाध्यापक पद नियुक्ति गर्नेछ र सो को जानकारी शिक्षा विकास तथा समन्वय इकाईमा पठाउनु पर्नेछ ।

(८) प्रधानाध्यापकको पदावधि पाँच वर्षको हुनेछ र निज पुनः सो पदमा नियुक्ति हुन सक्नेछ ।

(९) प्रधानाध्यापकले आफूले गरेको कार्यदक्षता करार बमोजिम काम नगरेको वा निजको कार्य सन्तोषजनक नभएको वा निजको आचरण खराब रहेको कुरा सम्बन्धित अधिकृतले दिएको प्रतिवेदन र व्यवस्थापन समितिको सिफारिसबाट देखिएमा गाउँपालिकाले निजलाई प्रधानाध्यापकको पदबाट जहिले सुकै हटाउन सक्नेछ ।

(१०) उपनियम (९) मा जुन सुकै कुरा लेखिएको भए तापनि सो उपनियम बमोजिम प्रधानाध्यापकलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मनासिव मौकाबाट बञ्चित गरिने छैन ।

(११) सामुदायिक विद्यालयको प्रधानाध्यापकले संघीय सरकारले तोके बमोजिम मासिक प्र.अ. भत्ता पाउनेछ ।

(११क) गाउँलालिकाले प्रधानाध्यापकलाई प्रोत्साहन स्वरुप थप प्र.अ. भत्ता उपलब्ध गराउन सक्नेछ ।

(१२) सामुदायिक विद्यालयमा प्रधानाध्यापक अनुपस्थित भएमा वा कुनै कारणले प्रधानाध्यापकको पद रिक्त भएमा प्रधानाध्यापक उपस्थित नभएसम्म वा प्रधानाध्यापकको पदपूर्ति नभएसम्मका लागि सो विद्यालयमा कार्यरत शिक्षकहरु मध्ये वरिष्ठतम स्थायी शिक्षकले निमित्त प्रधानाध्यापक भई काम गर्नेछ ।

तर कुनै विद्यालयमा एक भन्दा बढी तह भएमा माथिल्लो तहको वरिष्ठतम शिक्षकले निमित्त भई काम गर्नेछ ।

(१५) प्रधानाध्यापकको उम्मेदवार हुने शिक्षकले यस नियम बमोजिम व्यवस्थापन समिति समक्ष पेश गर्ने विद्यालय विकास प्रस्ताव अनुसूची - १३ क को ढाँचामा तयार गर्नु पर्नेछ ।

(१६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि तोकिएको शैक्षिक योग्यता पूरा गरी यो नियम प्रारम्भ हुँदाका बखत कार्यरत प्रधानाध्यापकले व्यवस्थापन समिति मार्फत शिक्षक छनौट समितिमा पेश गरेको विद्यालय विकास प्रस्ताव स्वीकृत भएमा निज नियुक्ति हुँदाका बखत तोकिएको शर्तको अधीनमा रही उपनियम (८) बमोजिमको अवधिसम्म प्रधानाध्यापक पदमा कायमै रहनेछ ।

**४१. प्रधानाध्यापकको काम, कर्तव्य र अधिकारः**

प्रधानाध्यापकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) विद्यालयमा शैक्षिक वातावरण, गुणस्तर, अनुशासन कायम राख्ने,

(ख) विद्यालयका शिक्षक तथा कर्मचारीहरुसँग समन्वय गरी शिक्षक, कर्मचारी, विद्यार्थी र अभिभावकहरु बीच पारस्परिक सहयोगको वातावरण सिर्जना गर्ने,

(ग) विद्यालयमा अनुशासन, सच्चरित्रता, शिष्टता कायम गर्न आवश्यक काम गर्न,

(घ) शिक्षकहरुसँग परामर्श गरी विद्यालयमा कक्षा सञ्चालन सम्बन्धी कार्यक्रम तयार गर्ने तथा त्यस्तो कार्यक्रम बमोजिम कक्षा सञ्चालन भए नभएको निरीक्षण गर्ने,

(ङ) विद्यालयमा सरसफाई, अतिरिक्त क्रियाकलाप आदिको प्रबन्ध गर्ने गराउने,

(च) विद्यालयको प्रशासनिक कार्यको सञ्चलान तथा नियन्त्रण गर्ने,

(छ) विद्यालयमा विद्यार्थी भर्ना गर्ने तथा परीक्षा सञ्चालन गराउने,

(ज) विद्यार्थीलाई स्थानान्तरण तथा अन्य प्रमाणपत्र दिने,

(झ) विद्यालयमा भए गरेका महत्वपूर्ण काम कारबाहीको अभिलेख राख्ने,

(ञ) कुनै शिक्षकले जानी जानी वा लापरवाही गरी नोक्सान पु-याएमा नोक्सानीको रकम तलबबाट कट्टा गरी असुल गर्ने,

(ट) विद्यालयले आफ्नो स्रोतमा नियुक्ति गरेका शिक्षक वा कर्मचारीले पदीय जिम्मेवारी पूरा नगरेमा व्यवस्थापन समितिको सिफारिस बमोजिम अवकाश लगायतका अन्य विभागीय कारबाही गर्ने,

(ठ) शिक्षक र कर्मचारीलाई दिइएको सजायको अभिलेख राख्ने तथा त्यस्तो अभिलेख शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तथा निरीक्षणले हेर्न चाहेमा देखाउने,

(ड) शिक्षक तथा कर्मचारीहरुको आचरण र कार्य सम्पादन सम्बन्धी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख तथा व्यवस्थापन समितिमा पेश गर्ने,

(ढ) शिक्षकलाई सजाय वा पुरस्कार दिने सम्बन्धमा व्यवस्थापन समिति तथा शिक्षा विकास तथा समन्वय इकाइमा सिफारिस गर्ने,

(ण) महिना कम्तीमा एक पटक शिक्षकहरुको बैठक बोलाई विद्यालय सम्बन्धी विषयमा छलफल गरी त्यसको अभिलेख राख्ने,

(त) विद्यालयको स्रोतबाट तलब भत्ता खाने गरी नियुक्त भएका शिक्षक तथा  कर्मचारीहरुको तलव सम्बन्धी प्रतिवेदन पारित गर्न व्यवस्थापन समितिमा पेश गर्ने,

(थ) विद्यालय भवन तथा छात्राबासको हातभित्र कुनै किसिमको अभद्र व्यवहार हुन नदिन,

(द) विद्यालयको बार्षिक योजना बनाई व्यवस्थापन समितिबाट पारित गरी कार्यान्वियन गर्ने गराउने,

(ध) विद्यालयमा अध्ययन, अध्यापन सम्बन्धी मासिक, अर्ध बार्षिक तथा बार्षिक कार्यक्रम बनाई कार्यान्वयन गर्ने गराउने,

(न) शिक्षकलाई तालिममा पठाउन व्यवस्थापन समितिबाट अनुमोदन गराई शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने,

(प) कुनै विद्यार्थीले विद्यालयभित्र अनुशासन भङ्ग गरेमा निजलाई निष्काशन गर्ने,

(फ) विद्यालयमा नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागू गर्ने,

(ब) व्यवस्थापन समितिले दिएको निर्देशन तथा आफूले पाएको अधिकार बमोजिम रकम खर्च गर्ने र आय व्ययको हिसाब राख्ने तथा राख्न लगाउने,

(भ) विद्यालयमा सञ्चालन हुने आवधिक परीक्षा नियमित तथा मर्यादित ढङ्गबाट सञ्चालन गर्ने गराउने,

(म) कुनै शिक्षकले अध्यापन गरेको विषयमा लगातर तीन वर्षसम्म पन्ध्र प्रतिशत भन्दा बढी विद्यार्थी असफल भएमा वा कुनै शिक्षकले लापरवाही वा अनुशासनहिन काम गरेमा त्यस्तो शिक्षकको दुई वर्षसम्म तलब वृद्धि रोक्का गर्ने,

(य) विद्यालयमा दैनिक रुपमा मन्त्रालयले तोकेको बमोजिम कक्षा लिने तथा लिन लागउने,

(र) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा नियुक्ति पाई कार्यरत रहेका शिक्षकको तलवी प्रतिवेदन पारित गर्न गाउँपालिका मार्फत किताबखानामा पठाउने,

(ल) आफ्नो मातहतका शिक्षक तथा कर्मचारीहरुको काम, कर्तव्य तोक्ने,

(व) शिक्षा विकास तथा समन्वय इकाइ तथा व्यवस्थापन समितिले दिएको निर्देशन पालन गर्ने गराउने,

(स) विद्यालयको शैक्षिक प्रगति सम्बन्धी विवरण तथा तथ्यांक मन्त्रालयबाट निर्धारित ढाँचा र समयभित्र निरीक्षकद्धारा प्रमाणित गराई शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने,

(ष) विद्यालयको आफ्नो स्रोतबाट खर्च बेहोर्ने गरी नियुक्ति भएका शिक्षकहरुको कार्य सम्पादन मूल्याङ्कन फाराम भरी व्यवस्थापन समितिमा पेश गर्ने ।

**४२. सामुदायिक विद्यालयको शिक्षकको नियूक्ति, पदस्थापन, परीक्षणकाल, सरुवा**

(१) सामुदायिक विद्यालयको शिक्षकको नियूक्ति, पदस्थापन, परीक्षणकाल, सरुवा सम्बन्धी व्यवस्था शिक्षक सेवा आयोग र बाट तोकिए बमोजिम हुनेछ ।

(२)  शिक्षकको सरुवा सम्बन्धी अन्य व्यवस्था आवश्यक्ता र औचित्यका आधारमा कार्यविधी बनाई सरुवा गर्न सक्नेछ ।

**४३. परीक्षणकालः**

(१) नियम ९५ बमोजिम शिक्षक नियुक्ति गर्दा महिला शिक्षकको हकमा  छ महिना र पुरुष शिक्षकको हकमा एक वर्षको परीक्षणकालमा रहने गरी नियुक्ति गरिनेछ ।

(२) उपनियम (१) बमोजिमको परीक्षणकाल राखिएको शिक्षकको काम सन्तोषजनक नभएमा निजलाई नियुक्ति गर्ने अधिकारीले परीक्षणकाल अवधिभित्र जुनसुकै बखत सेवाबाट हटाउन सक्नेछ।

**४४. शिक्षक छनौट समितिः** (१) सामुदायिक विद्यालयमा प्रधानाध्यापक वा करारमा शिक्षक नियुक्तिको लागि सिफारिस गर्न प्रत्येक विद्यालयमा देहाय बमोजिको एक शिक्षक छनौट समिति रहनेछ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) शिक्षा अधिकृत वा शिक्षा विकास तथा समन्वय इकाई प्रमुखले तोकेको अधिकृत - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नु पर्ने भएमा शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षाशास्त्र विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेका सुचिकृत विज्ञहरु मध्येबाट उपलब्ध भएसम्म एक जना महिला समेतको प्रतिनिधित्वको हुने गरी व्यवस्थापन समितिले मनोनित गरेको दुईजना - सदस्य

(घ) प्रधानाध्यापक - सदस्य सचिव

(२) उपनियम (१) बमोजिम प्रधानाध्यापकको नियुक्तिको लागि सिफारिस गर्न बसेको शिक्षक छनौट समितिको बैठकमा सो विद्यालयको प्रधानाध्यापकमा उम्मेदवार नभएको उपलब्ध वरिष्ठतम शिक्षकले सदस्य सचिव भई कार्य गर्ने,

(३) उपनियम (१) बमोजिम मनोनीत सदस्यहरुको पदावधि दुई वर्षको हुनेछ,

(४) शिक्षक छनौट समितिको सचिवालय सम्बन्धित विद्यालयमा रहनेछ,

(५) आयोगले शिक्षक छनौट गर्ने सम्बन्धमा मापदण्ड निर्धारण वा कार्यविधि जारी गरेको भए शिक्षक छनौट समितिले त्यस्तो मापदण्ड वा कार्यविधिको पालना गर्नु पर्नेछ,

(६) उपनियम (१) को खण्ड (ग) को प्रयोजनको लागि शिक्षा विकास तथा समन्वय इकाइले विशेषज्ञको सूची अद्यावधिक गरी राख्नु पर्नेछ,

(७) शिक्षक छनौट समितिले शिक्षक सिफारिसका लागि लिइने परीक्षाको केन्द्र जिल्ला सदरमुकाम वा स्रोत केन्द्रमा राख्नु पर्नेछ,

(८) शिक्षक छनौट समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**४५. करारमा शिक्षक नियुक्ति सम्बन्धीः**

(१) नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा स्थायी शिक्षक नियुक्ति हुन नसकी तत्काल करारमा शिक्षक नियुक्ति गर्नु पर्ने भएमा व्यवस्थापन समितिले शिक्षा विकास तथा समन्वय इकाइ मार्फत आयोगबाट करारमा शिक्षक नियुक्तिका लागि प्रकाशित भएको सूची प्राप्त गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम प्राप्त सूचीमा रहेका उम्मेदवारहरुमध्येबाट व्यवस्थापन समितिले बढीमा एक शैक्षिक सत्रको लागि करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(३) उपनियम (१) बमोजिम आयोगबाट प्रकाशित सूचीमा करारका लागि कुनै उम्मेदवार नरहेमा वा सूचीमा समावेश भएका उम्मेदवारको शिक्षक पदमा नियुक्त हुन निवेदन नपरेमा व्यवस्थापन समितिले शिक्षक छनौट समितिको सिफारिसमा बढीमा एक शैक्षिक सत्रको लागि कुनै व्यक्तिलाई करारमा शिक्षक नियुक्ति गर्न सक्नेछ।

(४) उपनियम (२) वा (३) बमोजिम करारमा शिक्षक नियुक्ति गर्दा शिक्षा विकास तथा समन्वय इकाइबाट दरबन्दी रिक्त रहेको व्यहोरा प्रमाणित गराएर मात्र नियुक्ति गर्नु पर्नेछ र माध्यमिक तथा निम्न माध्यमिक तहमा विषय मिल्ने गरी मात्र करारमा शिक्षक नियुक्ति गर्न सकिनेछ।

(५) उपनियम (३) बमोजिम शिक्षक नियुक्तिको लागि गरिएको विज्ञापनको सूचना शिक्षा विकास तथा समन्वय इकाइ, सम्बन्धित विद्यालयको स्रोत केन्द्र र सम्बन्धित गाउँपालिकामा टाँस्नु पर्नेछ।

(६) उपनियम (३) बमोजिम शिक्षक पदमा नियुक्ति हुन निवेदन दिने उम्मेदवारले आफ्नो शैक्षिक योग्यता, नेपाली नागरिकताको प्रमाणपत्र र अनुसूची - १४ बमोजिमको ढाँचामा निरोगिताको प्रमाणपत्र निवेदन साथ पेश गर्नु पर्नेछ।

(७) विद्यालयले यस नियम बमोजिम करारमा शिक्षक नियुक्ति गरेको जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ।

(८) उपनियम (२) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि करारमा शिक्षक नियुक्त भएको एक शैक्षिक सत्रसम्म पनि रिक्त पदमा स्थायी पद पूर्ति नभएमा व्यवस्थापन समितिले यसरी स्थायी पूर्ति नभएसम्मका लागि एक पटकमा छ महिनामा नबढाई करार शिक्षकको म्याद थप गर्ने सक्नेछ। राहत शिक्षकको हकमा पनि सोही बमोजिम हुनेछ।

(९) उपनियम (८) बमोजिम म्याद थपिएको जानकारी विद्यालयले गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ।

(१०) यस नियम बमोजिमको प्रक्रिया नपु-याई शिक्षक नियुक्ति गरिएमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले त्यस्तो नियुक्ति बदर गर्नु पर्नेछ ।

(११) गाउँपालिकाले करार शिक्षक नियूक्ति सम्बन्धी कार्यबिधि बनाई करार शिक्षक बैंक स्थापना गरी त्यस्ता पदमा शिक्षक पदपूर्ति गर्न सक्नेछ ।

**४६. दरबन्दी नभएको स्थानमा नियुक्ति वा शिक्षक सरुवा गर्न नहुनेः**

(१) कुनै पनि व्यक्ति वा शिक्षकलाई रिक्त शिक्षक दरबन्दी नरहेको विद्यालयमा नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(२) अनुसूची - १२ मा उल्लिखित विषयको शिक्षक नरहेको विद्यालयमा अर्को विषयको शिक्षक नियुक्ति वा सरुवा गर्नु हुँदैन ।

(३) उपनियम (१) वा (२) विपरीत कसैले कुनै व्यक्ति वा शिक्षकलाई नियुक्ति वा सरुवा गरेमा त्यस्तो शिक्षकको लागि तलब भत्ता खर्च भएको रकम त्यसरी नियुक्ति वा सरुवा गर्ने अधिकारीबाट असूल उपर गरिनेछ ।

**४७. सरुवा सम्बन्धी व्यवस्थाः**

(१) सरुवा हुन चाहने शिक्षकले सरुवाको लागि अनुसूची - १७ बमोजिमको ढाँचामा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख समक्ष निवेदन दिनु पर्नेछ ।

(२) महिला तथा अपाङ्ग शिक्षकलाई साधारणतया अपायक पर्ने स्थानमा सरुवा गरिने छैन।

(२क) ऐनको दफा १६ ज को उपदफा (३) मा लेखिएको अवस्थामा बाहेक स्थायी नियुक्ति भएको एक वर्ष नपुगेको शिक्षक र अनिवार्य अवकाश हुन एक वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक जिल्लाबाट अर्को जिल्लामा सरुवा गरिने छैन ।

(२ख) कुनै शिक्षक सरुवा भएमा सरुवा भएको एक्काइस दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई रमाना-पत्र दिई सोको जानकारी सम्बन्धित विद्यालय, गाउँपालिका र शिक्षा विकास तथा समन्वय इकाइलाई समेत दिनु पर्नेछ ।

(३) उपनियम (१), (२), (२क) मा जुनसुकै कुरा लेखिएको भए पनि दरबन्दी मिलानको सन्दर्भमा यो नियम लागू हुनेछैन ।

(४) कुनै शिक्षकले विद्यालयमा सुशासन कायम गर्न असहयोग गरेमा, शैक्षिक गुणस्तर कायम नगरेमा, विद्यालय-समुदाय अन्तरसम्बन्ध कायम गर्न नसकेमा, जिम्मेवार पदाधिकारीले दिएको निर्देशन पटक पटक उल्लंघन गरेमा गाउँपालिकाले जुनसकै बखत सरुवा गर्न सक्नेछ । तर त्यसो गर्नु अघि सुधारको मौका दिइनेछ ।

## परिच्छेद - १६

## तलब भत्ता तथा अन्य सुविधा

**४८. तलब भत्ता तथा अन्य सुविधा संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।**

## परिच्छेद - १७

## बिदा तथा काज सम्बन्धी व्यवस्था

**४९. शिक्षक पाउने बिदाः** (१) शिक्षकले देहाय बमोजिमका बिदाहरु पाउनेछः

(क) भैपरी आउने बिदा वर्षभरिमा छ दिन,

(ख) पर्व बिदा वर्षभरिमा छ दिन,

(ग) बिरामी बिदा वर्षभरिमा बाह दिन,

(घ) सुत्केरी बिदा सुत्केरीको अघि वा पछि गरी अन्ठानब्बे दिन,

(घ१) प्रसुति स्याहर बिदा पन्ध्र दिन,

(ङ) किरिया बिदा पन्ध्र दिन,

(च) असाधारण बिदा एक पटकमा एक वर्षमा नबढाई नोकारीको तमाम अवधिमा बढीमा तीन वर्ष,

(छ) अध्ययन बिदा नोकारीको तमाम अवधिमा एकै पटक वा पटक पटक गरी बढीमा तीन वर्ष,

(ज) बेतलवी बिदा बढीमा पाँच वर्ष ।

(२) भैपरी आउने बिदा र पर्व बिदा आधा दिन पनि लिन सकिनेछ।यस्तो बिदा सञ्चित हुने छैन ।

(३) शिक्षकले बिरामी बिदा सञ्चित गर्न सक्नेछ । शिक्षकले प्रत्येक वर्ष त्यस्तो बिदा अधिकृतबाट प्रमाणित गराई राख्नु पर्नेछ । कुनै व्यहोराले

शिक्षक आफ्नो सेवाबाट अवकाश भएमा निजको सञ्चित बिरामी बिदा बापत निजको पदाधिकार रहेको पदमा खाइपाई आएको तलब स्केलको दरले हुन आउने एकमुष्ट पाउनेछ।

(४) कुनै ठूलो वा कडा रोग लागी उपचार गर्न बिरामी बिदाबाट नपुग हुने भएमा स्वीकृत चिकित्सकको प्रमाणपत्र पेश गरी शिक्षकले पछि बिरामी बिदाबाट कट्टा हुने गरी बाह्र दिन सम्म थप बिरामी बिदा पेश्कीको रुपमा त्यस्तो बिरामी भएको बखत लिन सक्नेछ। यसरी पेश्की बिदा लिएको शिक्षकको मृत्यु हुन गएमा त्यस्तो पेश्की लिएको बिदा स्वतः मिनाहा हुनेछ।

(५) सञ्चित बिरामी बिदाको रकम लिन नपाउँदै शिक्षकको मृत्यु भएमा त्यस्तो सञ्चित बिरामी बिदाको रकम निजले इच्छाएको वा नजिकको हकवालाले एकमुष्ट पाउनेछ।

(६) कुनै पुरुष शिक्षकको पत्नी सुत्केरी हुने भएमा त्यस्तो शिक्षकले सुत्केरीको अघि वा पछि गरी सुत्केरी स्याहार बिदा पाउनेछ। सुत्केरी स्याहार बिदामा बसेको शिक्षकले पूरा तलब पाउनेछ र यस्तो बिदा सेवा अवधि भरमा दुई पटक मात्र दिइनेछ।

(७) शिक्षकले आफै किरिया बस्नु परेमा किरिया बिदा पाउनेछ। महिला शिक्षकको पतिले किरिया बस्नु परेमा त्यस्तो महिला शिक्षकले पनि किरिया बिदा पाउनेछ।

(८) बिरामी परेको अवस्थामा बाहेक घटीमा पाँच वर्ष स्थायी सेवा अवधि नपुगेको शिक्षकले असाधारण बिदा पाउन सक्ने छैन।

(९) स्थायी सेवा पाँचवर्ष पुगेको शिक्षकलाई अध्यापन सम्बन्धी विषयमा उच्च अध्ययनका लागि अध्ययन बिदा दिन सकिनेछ।

(९क) कुनै शिक्षकको पति वा पत्नी विदेश स्थित नेपाली राजदूताबास वा नियोगमा खटाई गएको प्रमाण सहित त्यस्तो शिक्षकले बेतलबी बिदा माग गरेमा एकैपटक वा पटक पटक गरी तमाम नोकारी अवधिभर पाँच वर्षसम्म बेतलबी बिदा पाउनेछ।

(९ख) बेतलबी बिदाको अवधि निजको सेवा अवधिमा गणना गरिने छैन।

(१०) भैपरि आउने बिदा, पर्व बिदा, बिरामी बिदा, किरिया बिदा, प्रसुति बिदा र अध्ययन बिदामा बस्ने शिक्षकले पूरा तलब पाउनेछ।

(११) असाधारण बिदामा बसेको शिक्षकले तलब पाउने छैन।

**५०. बिदा दिने अधिकारीः** प्रधानाध्यापकको बिदा व्यवस्थापन समितिको अध्यक्षले र शिक्षकको बिदा प्रधानाध्यापकले दिनेछ।

तर एकपटकमा तीन दिनमा नबढाई पर्व वा भैपरी आउने बिदा प्रधानाध्यापक आफैले लिन सक्नेछ। सो भन्दा बढी पर्व वा भैपरी आउने बिदा लिनु परेमा प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षलाई जानकारी दिनु पर्नेछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि शिक्षकले असाधारण बिदा, बेतलबी बिदा र अध्ययन बिदा व्यवस्थापन समिति र गाउँपालिकाको सिफारिसमा शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले मात्र दिन सक्नेछ।

**५१. बिदा नलिएको दिन सेवा अवधिमा गणना नहुनेः**

शिक्षकले बिदा नलिई विद्यालयमा अनुपस्थित भएको दिन निजको सेवा अवधिमा गणना हुने छैन।

**५२. बिदा सहुलियत मात्र हुनेः**

बिदा अधिकारको कुरा नभएर सहुलियत मात्र हुनेछ।

**५३. काज तथा दैनिक भ्रमण भत्ताः** (१) विद्यालय वा अध्यापन सम्बन्धी कामको लागि निर्देशनालय वा शिक्षा विकास तथा समन्वय इकाइको आदेशानुसार कुनै सभा, सम्मेलन वा सेमिनारमा खटिने शिक्षकले सोही आदेशमा तोकिएको अवधिसम्मको लागि काज पाउनेछ।

(२) विद्यालयको कामको लागि शिक्षकले प्रधानाध्यापकको र प्रधानाध्यापकले व्यवस्थापन समितिको अध्यक्षको अनुमति लिई कामको प्रकृति हेरी निस्चित अवधिको काजमा जान सक्नेछ।

(३) सरुवा भएको शिक्षकलाई सरुवा भएको विद्यालयमा हाजिर हुन जाँदा मन्त्रालयले तोकिदिए बमोजिमको रकम दैनिक तथा भ्रमण भत्ता वापतको रकम रमाना दिने विद्यालयले आफ्नो कोषबाट दिनु पर्नेछ।

तर आफ्नो स्वेच्छाले सरुवा भई जाने शिक्षकले यस उपनियम बमोजिम दैनिक तथा भ्रमण भत्ता वापतको रकम पाउने छैन।

(४) शिक्षक युनियनको केन्द्रीय समितिको पदाधिकारीमा रहेका दुईजना शिक्षकलाई सो युनियनको सिफारिसमा त्यस्तो युनियनमा रही काम गर्नको लागि एक पटकमा एक वर्षमा नबढाई बढीमा तीन वर्षसम्म केन्द्रले काज स्वीकृत गर्न सक्नेछ।

(५) कुनै विद्यालयमा विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी बढी भएमा केन्द्रले त्यस्तो दरबन्दीलाई सोही जिल्लाको जिल्ला शिक्षा समितिको पूल दरबन्दीमा राखी विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी कम रहेको जुनसुकै विद्यालयमा काजमा खटाउन सक्नेछ।

(५क) गाउँपालिकाले संचालित कक्षा, विद्यार्थी संख्या र मौजुदा शिक्षक संख्याको आधारमा दरबन्दी मिलान गर्न सक्नेछ।

## परिच्छेद - १८
## निवृत्तिभरण सम्बन्धी व्यवस्था
**५४. निवृत्तिभरण सम्बन्धी व्यवस्था संघीय शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ।**
## परिच्छेद-१९
## शिक्षक तथा विद्यार्थीको आचारसंहिता
**५५. शिक्षकले पालना गर्नुपर्ने आचारसंहिता**:(१) शिक्षकले देहाय बमोजिमका आचारसंहिता पालना गर्नु पर्नेछ।

(क) आफूलाई खटाएको ठाउँमा गई तोकिएको काम गर्नु पर्नेछ,

(ख) निर्धारित समयमा नियमित रुपले विद्यालयमा आए गएको समय जनाई हाजिर हुनु पर्ने र पहिले विदाको अनुमति नलिई विद्यालयमा अनुपस्थित हुनु नहुने,

(ग) आफ्नो सेवा सम्बन्धी कुरामा मतलव साध्य गर्ने मनसायले कसैमाथि पनि कुनै राजनैतिक वा अवाञ्छनीय प्रभाव पार्न वा प्रभाव पार्न प्रयत्न गर्नु नहुने,

(घ) नेपाल सरकार र नेपाली जनताको पारस्पारीक सम्बन्ध वा कुनै विदेशी राष्ट्रसंगको सम्बन्धमा खलल पर्न सक्ने गरी आफ्नो वास्तविक वा प्रेशलाई कुनै खबर दिन वा रेडियो वा टेलिभिजन आदि जस्ता सूचना माध्यमद्धारा भाषण प्रसारित गर्न वा कुनै सार्वजनिक भाषण दिन वा वक्तव्य प्रकाशित गर्न नहुने,

(ङ) विद्यार्थीलाई योग्य नागरिक बनाउने उद्देश्य लिई अध्ययन र अध्यापनलाई आफ्नो मूख्य लक्ष्य सम्झनुपर्ने,

(च) आज्ञाकारिता, अनुशासन, सदभावना, सहयोग, सदाचार, सहानुभूति, धैर्य र सच्चरित्रतालाई प्रोत्साहन दिनुपर्ने,

(छ) कुनै भाषा, सम्प्रादय तथा धर्म विरोधी भावना शिक्षक तथा विद्यार्थी वर्गमा फैलाउन नहुने,

(ज) सामुदायिक विद्यालयका शिक्षकले व्यवस्थापन समिति र शिक्षा विकास तथा समन्वय इकाई प्रमुखको स्वीकृति नलिई आफू बहाल रहेको विद्यालय बाहिर काम गर्न नहुने,

(झ) विद्यालय वा शैक्षिक संस्थाको माध्यमद्धारा राष्ट्रिय भावना जागृत गरि देशमा भावनात्मक एकता ल्याउन काम गर्नु पर्ने,

(ञ) नेपालको सार्वभौमसत्ता र अखण्डतामा आँच आउने गरि देशको शान्ति, शुरक्षा, बैदेशिक सम्बन्ध र सार्वजनिक मर्यादातथा अदालतको अवहेलना हुने वा कुनै पनि कार्यालय वा अधिकृतको कानूनद्धारा निर्धारित कर्तव्य पुरा गर्नमा बाधा विरोध हुने गरी प्रदर्शन, हड्ताल, थुनछेक तथा घेराउ गर्न नहुने,

(ट) विद्यार्थीलाई शारीरिक वा मानसिक यातना दिन नहुने,

(२) उपनियम (१) बमोजिमको आचार संहिताको पालना भए नभएको अभिलेख शिक्षकहरुको हकमा प्रधानाध्यापकले र प्रधानाध्यापकको हकमा व्यवस्थापन समितिले राख्नु पर्नेछ र आचार संहिता पालना नभएको भए त्यसको विवरण सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाईमा पठाउनु पर्नेछ।

**५६. विद्यार्थीले पालना गर्नुपर्ने आचार सहिता**: विद्यार्थीहरुले देहाय बमोजिमका आचार संहिता पालना गर्नुपर्नेछः-

(क) शिक्षकको आज्ञापालना र आदर गर्नुपर्ने,

(ख) विद्यालयमा वा बाहिर जहाँसुकै अनुशासनमा रहनु पर्ने,

(ग) राष्ट्रियता, भाषा र संस्कृतिको उत्थानको निमित्त सधै प्रयत्नशिल रहनु पर्ने,

(घ) विद्यालयले आयोजना गरेको कार्यक्रममा सक्रिय रुपमा भाग लिनु पर्ने,

(ङ) सबैसंग शिष्ट व्यवहार गर्नुपर्ने,

(च) व्यवस्थापन समितिले निर्धारण गरेका अन्य आचार संहिता पालना गर्नु पर्ने।

## परिच्छेद-२०
## सजाय सम्बन्धी व्यवस्था
**५७. सजायः** उचित र प्रयाप्त कारण भएमा शिक्षकलाई देहायको विभागिय सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने,

(ख) बढीमा पाँच वर्ष सम्म तलव बृद्धिमा रोक्का गर्ने,

(ग) बढीमा दुई वर्ष सम्म बढुवा रोक्का गर्ने,

(घ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य नठहरीने गरी नोकरीबाट हटाउने,

(ङ) भविष्यमा शैक्षिक नोकरीको निमित्त अयोग्य ठहरीने गरि नोकरीबाट बर्खास्त गर्ने।

**५८. नसिहत दिने:** शिक्षकले विद्यालयमा आउने, अध्यापन गर्ने र जाने समय पालना नगरेमा निजलाई नसिहत दिन सकिनेछ।

**५९. पाँच वर्ष सम्म तलव बृद्धि वा दुई वर्ष सम्म बढुवा रोक्का गर्ने:** देहायको अवस्थामा शिक्षकलाई पाँच वर्ष सम्म तलब वृद्धि र दुई बर्षसम्म बढुवा रोक्का गर्न सकिनेछ।

(क) अनुशासनहिन काम गरेमा,

(ख) बराबर विद्यालयको समय पालना नगरेमा,

(ग) आचार सम्बन्धी नियम उल्लङ्घन गरेमा,

(ग1) कार्यक्षमताको अभाव भएमा,

(घ) खटाइएको तालिम वा प्रशिक्षणमा भाग लिन नगएमा,

(ङ) प्रधानाध्यपकले तालिम वा प्रशिक्षणमा छनौट भएका शिक्षकलाई सहभागी हुन नपठाएमा।

**६०. कार्यक्षमताको अभाव मानिने:** (१) कुनै शिक्षकले आफूले अध्यापन गराएको विषयमा तीन शैक्षिक सत्रसम्म लगातार देहायका आधारमा पचास प्रतिशत भन्दा कम विद्यार्थी उत्तीर्ण भएमा त्यस्तो शिक्षकमा कार्य क्षमताको अभाव भएको मानिनेछ।

अध्यापन गरेको विषयको कक्षागत औसत उत्तीर्ण प्रतिशत * १००

―――――――――――――――――――――――――――

सम्बन्धित विषयको भौगोलिक इकाइको औसत उत्तीर्ण प्रतिशत

स्पष्टीकरण: यस उपनियमको प्रयोजनको लागी "भौगोलिक इकाई" भन्नाले सम्बन्धित विद्यालयको गाउँपालिकालाई जनाउँदछ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि भौगोलिक इकाईको औसत उत्तीर्ण प्रतिशतको अंक चालीस भन्दा कम भएमा चालीस अंकलाई आधार लिई हिसाब गरिनेछ।

६०क. उपनियम (१) र (२) बमोजिमको औषत उपलब्धी कम भएमा पहिलो बर्ष सचेत गराउने, दोस्रो बर्ष चेतावनी र तेस्रो बर्ष कारवाही गर्ने।

**६१. नोकरीबाट हटाउने वा वर्खास्त गर्ने:** (१) संघीय ऐनको दफा १६ङ को उपदफा (५) को खण्ड (ख), (ग), (घ), (च) वा (६) को अवस्थामा शिक्षकलाई नोकरीबाट हटाइनेछ।

(२) शिक्षकलाई देहायको अवस्थामा भविश्यमा शैक्षिक नोकरीको लागी अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त गरिनेछ।

(क) नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(क1) स्थायी आवासीय अनुमति लिएमा वा सोको लागी आवेदन दिएमा,

(ख) भ्रष्टाचार गरेमा,

**६२. विद्यालयको नोक्सानी भएको रकम असुली गरिने:** कुनै शिक्षकले जानी जानी वा लापरबाही गरी कुनै काम गरेको कारणले विद्यालयलाई कुनै हानी नोक्सानी पर्न गएमा त्यस्तो हानी नोक्सानी भएको रकम त्यस्तो काम गर्ने शिक्षकबाट सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

**६३. सजाय सम्बन्धी कार्यविधि:** (१) सजाय दिन पाउने अधिकारीले कुनै शिक्षकलाई सजाय गर्ने आदेश दिनु भन्दा अघि निजलाई आफ्नो सफाई गर्ने मौका दिनु पर्छ। यसरी सफाईको मौका दिदा निज माथि लगाइएको आरोप र सजाय स्पष्ट रुपले किटान हुनुपर्नेछ। त्यस्तोमा सम्बन्धित शिक्षकले पनि म्यादभित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम शिक्षकले स्पष्टिकरण पेश नगरेमा वा पेश गरेको स्पष्टीकरण चित्त बुझ्दो नभएमा सजायको आदेश दिन पाउने अधिकारीले सजाय प्रस्ताव गरी पुनः स्पष्टीकरण माग गर्नेछ।

**६४. निलम्बन गर्ने:** (१) कुनै शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनै विषयमा जाँच गर्नु परेमा निजलाई सजाय दिन पाउने अधिकारीले निलम्बन गर्न सक्नेछ। निलम्बन गर्दा साधारणतया तीन महिना भन्दा बढी गर्नु हुदैन।

(२) नैतिक पतन देखिने फौज्दारी अभियोगमा गिरफ्तार भई थुनिएको शिक्षक त्यसरी थुनिएको अवधिभर स्वतः निलम्बन भएको मानिनेछ। यसरी निलम्बन हुने शिक्षकले निलम्बन भएको अवधिको तलब भत्ता पाउने छैन।

(३) कुनै शिक्षक आफ्नो पदमा पुनः स्थापित भएमा वा नोकरीमा नरहेमा निजको निलम्बन समाप्त भएको मानिनेछ।

(४) उपनियम (१) बमोजिम कुनै शिक्षक निलम्बन भएमा सो निलम्बन रहेको अवस्थामा निजले आफ्नो तलबको आधा मात्र पाउनेछ।

तर त्यसरी लागेको अभियोग प्रमाणित नभई कुनै शिक्षकले सफाई पाएमा निजले निलम्बन रहेको अवधिमा आधा तलब पाएको भए सो कटाई बाँकी तलब र त्यस्तो आधा तलब नपाएको भए पुरै तलब पाउनेछ।

**६५. सजाय गर्ने:** शिक्षकले नियम १४० बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा सजाय गर्ने अधिकारीले यसको कारण खुलाई सजाय गर्नेछ।

**६६.सजाय गर्ने अधिकारी:** (१) शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ।

(क) शिक्षकलाई नसिहत दिने वा दुई तलब बृद्धि रोक्का गर्ने प्रधानाध्यापक र सो भन्दा बढी तलब बृद्धी रोक्का गर्ने - व्यवस्थापन समिति

(ख) प्रधानाध्यापकलाई नसिहत दिने र तलब बृद्धि रोक्का गर्ने - शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख

(ग) बढुवा रोक्का गर्ने - शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख

(घ) नोकरीबाट हटाउने वा बर्खास्त गर्ने - सम्बन्धित निर्देशक

(१क) उपनियम (१) को खण्ड (ख) (ग) वा (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि समुदायद्धारा संचालित विद्यालयका शिक्षक तथा प्रधानाध्यापकलाई सो खण्ड बमोजिमको सजाय गर्ने अधिकारी व्यवस्थापन समिति हुनेछ।

(२) उपनियम (१) को खण्ड (क) बमोजिम प्रधानाध्यापक वा व्यवस्थापन समितिले गरेको सजाय जानकारी शिक्षा विकास तथा समन्वय इकाइलाई दिनु पर्नेछ।

(३) उपनियम (१क) बमोजिम प्रधानाध्यापक वा व्वस्थापन समितिले गरेको सजायको जानकारी शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख र राष्ट्रिय किताबखाना (शिक्षक)लाई दिनु पर्नेछ।

१४३क. (१) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विद्यालयको विद्यार्थीहरुको उत्तीर्ण प्रतिशत देहायको भन्दा कम भएमा गाउँपालिकाले त्यस्तो विद्यालयको प्रधानाध्यापकलाई पहिलो पटक भए सचेत गराउन र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातर दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्नेछ।

(क) कक्षा तीन र पाँचको विद्यार्थीको सिकाई उपलब्धी परीक्षण र कक्षा आठको आधारभूत तह उत्तीर्ण परीक्षामा - तीस प्रतिशत

(ख) कक्षा दशको उत्तीर्ण परीक्षामा - पन्ध्र प्रतिशत

(२) उपनिय (१) बमोजिमको परीक्षण तथा परीक्षामा कुनै विषयमा कुनै विद्यार्थीले प्राप्त गरेको विषयगत परीक्षाफलमा तीस प्रतिशत भन्दा कम विद्यार्थी उत्तीर्ण भएमा सम्बन्धित अधिकारीले त्यस्तो शिक्षकलाई पहिलो पटक भए सचेत गराउने र दोस्रो तथा तेस्रो पटक सोही क्रम लगातार दोहोरिएमा क्रमशः एक र दुई तलब वृद्धि रोक्का गर्नेछ।

**६७. यस परिच्छेदको कार्यविधि तथा व्यवस्था लागू नहुने:** (१) देहायका शिक्षकलाई सजाय गर्ने सम्बन्धमा यस परिच्छेदको कार्यविधि वा व्यवस्था लागू हुने छैन।

(क) सामुदायिक विद्यालयमा नेपाल सरकारबाट स्वीकृत दरबन्दीमा अस्थायी रुपमा नियुक्ति भएको शिक्षकलाई कारबाही गर्दा यस परिच्छेदको कार्यविधि अबलम्बन गर्नु पर्ने छैन,

(ख) संस्थागत विद्यालयमा नियुक्ति भएको शिक्षक र सामुदायिक विद्यालयमा सम्बन्धित विद्यालयले आफ्नै स्रोतबाट बेहोर्ने गरी नियुक्ति गरेको शिक्षकको सम्बन्धमा यस परिच्छेदको व्यवस्था लागू हुने छैन।

(२) उपनियम (१) को खण्ड (ख) बमोजिम सामुदायिक विद्यालयका शिक्षकको सेवा, शर्त तथा विभागीय कारबाहीलाई व्यवस्थित गर्न व्यवस्थापन समितिले आवश्यक कार्यविधि बनाई गाउँपालिकाबाट स्वीकृत गराई लागू गर्नु पर्नेछ।

## परिच्छेद - २१

## सामुदायिक विद्यालयको कर्मचारी सम्बन्धी व्यवस्था

**६८. नेपाल सरकारले अनुदान रकम उपलब्ध गराउने:** नेपाल सरकारले विद्यालयका कर्मचारीको लागि निश्चित मापदण्डका आधारमा विद्यालयलाई बार्षिक रुपमा अनुदान उपलब्ध गराउनेछ।

**६८क. कर्मचारी नियुक्ति गर्ने सम्बन्धी कार्यविधि:** (१) नियम १४४क बमोजिम प्राप्त अनुदान र विद्यालयको आन्तरिक स्रोत समेतलाई विचार गरी व्यवस्थापन समितिले उपनियम (२) बमोजिमको कार्यविधिको अधीनमा रही विद्यालय कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कार्यविधि विद्यालयले सेवा शर्त सम्बन्धी प्रचलित कानूनको अधीनमा रही बनाउनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम बनाएको कार्यविधि विद्यालयले गाउँ कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ र सो कार्यविधि गाउँ कार्यपालिकाको अभिलेख दर्ता भएपछि कार्यान्वयन हुनेछ।

(४) विद्यालयले कुनै कर्मचारी नियुक्ति नगरी त्यस्तो कर्मचारीले गर्ने कार्य विद्यालयको कुनै शिक्षकद्वारा गराउन सक्नेछ।

(५) उपनियम (४) बमोजिम काममा लगाइएको शिक्षकलाई व्यवस्थापन समितिले तोके बमोजिमको भत्ता दिनेछ।

**६८ख. कर्मचारीको समायोजनः** यो नियम प्रारम्भ हुनुअघि कुनै विद्यालयमा कानून बमोजिम कुनै कर्मचारी नियुक्ति भई यो नियम प्रारम्भ हुँदाका बखतसम्म कार्यरत रहेको भए त्यस्तो विद्यालयले नियम १४४ख. बमोजिमको कार्यविधिको अधीनमा रही त्यस्तो कर्मचारीलाई समायोजन गर्नु पर्नेछ।

## परिच्छेद- २२

## विद्यालयको वर्गीकरण

**६९. विद्यालयको वर्गीकरण तोकिए बमोजिम हुनेछ।**

(१) विद्यालयलाई अनुसूची- २१ मा उल्लेखित आधारमा देहाय बमोजिम चार श्रेणीमा वर्गीकरण गरिनेछः

(क) "क" श्रेणीको विद्यालय

(ख) "ख" श्रेणीको विद्यालय

(ग) "ग" श्रेणीको विद्यालय

(घ) "घ" श्रेणीको विद्यालय

(२) उपनियम (१) बमोजिम विद्यालय वर्गीकरणको निमित्त विद्यालयले अनुसूची - २१ मा उल्लेखित मापदण्डका आधारमा आफूले के कस्तो किसिमको सुविधा उपलब्ध गराएको हो सो स्पष्ट खुलाई शैक्षिक सत्र शुरु हुनुभन्दा दुई महिना अगावै गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(२क) विद्यालय वर्गीकरणको लागि सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछः

(क) सामाजिक विकास समितिको संयोजक - संयोजक

(ख) शिक्षा अधिकृत - सदस्य

(ग) गाउँ शिक्षा समितिले मनोनीत गरेको शिक्षकहरुको पेशागत संस्थाका प्रतिनिधि एक जना - सदस्य

(२ख) उपनियम (२ख) बमोजिमको समितिको सिफारिस समेतलाई जाँचबुझ गरी नियम १४५क. बमोजिमको समितिले अनुसूची - २१ को अधीनमा रही त्यस्तो विद्यालयको वर्गीकरण गर्नेछ।

(३) यस नियम बमोजिम गरिएको वर्गीकरणबाट तल्लो श्रेणीमा रहन चाहेमा सम्बन्धित गाउँ कार्यपालिका समक्ष निवेदन दिनु पर्नेछ। (४) उपनियम (३) बमोजिम निवेदन परेमा नियम १४५क बमोजिमको समितिले सो विद्यालयको स्थलगत निरीक्षण गर्नेछ र निरीक्षण गर्दा त्यस्तो विद्यालयलाई माथिल्लो श्रेणीको विद्यालयमा कायम गर्न मनासिब देखिएमा माग बमोजिम माथिल्लो श्रेणीको विद्यालयमा समावेश गर्नेछ।

(५) यस नियम बमोजिम गरिएको वर्गीकरणबाट माथिल्लो श्रेणीमा परेको कुनै विद्यालयको जाँचबुझ गर्दा सो श्रेणीको विद्यालय हुनको लागि चाहिने आधार पूरा गरेको नदेखिएमा नियम १४५क बमोजिमको समितिले त्यस्तो विद्यालयलाई सो विद्यालयले पूरा गरेको आधारमा तल्लो श्रेणीमा कायम गर्नेछ।

तर यसरी विद्यालयलाई तल्लो श्रेणीमा कायम गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(६) यस नियम बमोजिम विद्यालय वर्गीकरण सम्बन्धमा भएको निर्णय उपर चित्त नबुझ्ने विद्यालयले सो निर्णय भएको पैंतीस दिनभित्र सम्बन्धित निर्देशक समक्ष उजुरी दिन सक्नेछ र सो उजुरीका सम्बन्धमा निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ।

**६९क. विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समितिः** (१) विद्यालयको वर्गीकरण गर्न, विद्यालयले लिन पाउने शुल्कका सम्बन्धमा मन्त्रालयलाई राय सुझाव दिन र विद्यालयले निर्धारित शुल्क लागू गरे नगरेको सम्बन्धमा अनुगमन गर्न प्रत्येक जिल्लामा देहाय बमोजिमको विद्यालय वर्गीकरण तथा शुल्क अनुगमन समिति रहनेछ।

(क) सामुदायिक विद्यालयको हकमा,

(१) गाउँ शिक्षा समितिका अध्यक्ष प्रमुख - संयोजक

(२) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(३) शिक्षकको पेशागत महासंघको प्रतिनिधि एक जना - सदस्य

(४) सामुदायिक विद्यालयका अध्यक्षहरु मध्येबाट गाउँ शिक्षा समितिले मनोनित गरेको एकजना - सदस्य

(५) शिक्षा अधिकृत - सदस्य सचिव

(२) उपनियम (१) बमोजिमको समितिले शुल्क निर्धारण सम्बन्धि आफ्नो बैठकमा आवश्यकता अनुसार अपांग, महिला, दलित र जनजातिको संस्थाको प्रतिनिधिलाई आमन्त्रण गर्न सक्नेछ।

(३) उपनियम (१)बमोजिमको समितिको बैठक सम्बन्धी कार्यविधि सो समितिले आफैले निर्धारण गरे बमोजिम हुनेछ।

**परिच्छेद- २३**

**सहयोग रकम सम्बन्धी व्यवस्थाः**

**७०. विद्यालयले लिन पाउने सहयोग**(१) विद्यालयले विद्यार्थीसंग कुनै किसिमको शुल्क लिन पाउनेछैन।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भए पनि विद्यालयको आर्थिक स्रोत नभएको र अन्य कुनै निकायबाट त्यस्तो सहयोग नपाएको अवस्थामा बार्षिक एकमुष्ठ रुपमा अभिभावकबाट सहयोग रकम लिन पाउनेछ।

१. पुस्तकालय व्यवस्थापन सहयोग
२. कम्प्यूटर व्यवस्थापन सहयोग
३. मर्मत - सम्भार खर्च सहयोग
४. रजिष्ट्रेशन खर्च सहयोग
५. स्थानान्तरण प्रमाण-पत्र सहयोग
६. खेलकुद/विशेष प्रशिक्षण सहयोग
७. अतिरिक्त क्रियाकलाप संचालन सहयोग
८. आवास व्यवस्थापन सहयोग
९. परिवहन संचालन सहयोग
१०. भोजन व्यवस्थापन सहयोग

(३) उपनियम (२) बमोजिम लिईने सहयोग विद्यालय व्यवस्थापन समितिले अभिभावक भेलाबाट निर्णय गराउनु पर्नेछ।

(४) उपनियम (२) बमोजिम लिईने सहयोग कुनै निकायबाट व्यवस्था नभएको खण्डमा मात्र लिन पाइनेछ।

(५) गरिबीको रेखा मुनि रहेका र कुनै निकायबाट शुल्क लिन नपाइने भनी लेखी आएमा त्यस्तो रकम लिन पाइनेछैन।

(६) विद्यालयले उपनियम (२) बमोजिमको सहयोग त्यस्तो सुबिधा उपयोग गर्ने अवस्थामा मात्र लिन पाउनेछ।

**परिच्छेद - २४**

**७१. छात्रबृत्ति तथा निःशुल्क शिक्षा उपलब्ध गराउनु पर्नेः** (१) विद्यालयले मापदण्ड बनाई छात्रबृत्तिको व्यवस्था गर्नु पर्नेछ।

(२) गाउँपालिकाले संबिधानको शिक्षा सम्बन्धी हकमा व्यवस्था भए बमोजिम प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क शिक्षा पाउने हकको सुनिस्चित गर्नु पर्नेछ।

(३) निःशुल्क शिक्षा सम्बन्धी अन्य व्यवस्था संविधान र ऐन, नियममा तोकिए बमोजिम हुनेछ।

**परिच्छेद -२५**

**७२. राष्ट्रिय गान गाउनु पर्नेः** विद्यालयमा मनाइने समारोहको प्रारम्भमा राष्ट्रिय गान गाउनु पर्नेछ।

**७३. झण्डोत्तोलन गर्नु पर्नेः** विद्यालयमा मनाइने प्रत्येक समारोहको प्रारम्भमा राष्ट्रिय झण्डोत्तोलन गर्नु पर्नेछ।

**७४. विद्यालय बडा-पत्र राख्नु पर्नेः** विद्यालयले बडा-पत्र राख्नु पर्नेछ।

**७५. पोशाक लगाउनु पर्नेः** शिक्षकले नेपाल सरकारले तोकेको पोशाक लगाउनु पर्नेछ। विद्यालयले विद्यार्थीको लागि एकै किसिमको, कम खर्चिलो, राष्ट्रियता झल्काउने र हावापानी सुहाउंदो पोशाक तोक्न सक्नेछ। विद्यालयले विद्यालयबाटै पोशाक (टाई-बेल्ट ई.समेत) लिन बाध्य गराउनु हुंदैन।

## परिच्छेद - २६
## विद्यालयको बजेट, आय-व्ययको लेखा तथा अन्य व्यवस्था

**७६. बजेट तयार गर्ने:** (१) प्रधानाध्यापकले प्रत्येक वर्ष आषाढ १५ सम्म आगामी वर्षको बजेट तयार गरी व्यवस्थापन समितिबाट स्वीकृत गराई त्यसको एक प्रति गाउँपालिकामा समयमा नै पठाउनु पर्नेछ।

**७७. विद्यालयको कोषको सञ्चालन:** (१) विद्यालयले विद्यालयमा कोषमा जम्मा भएको रकम व्यवस्थापन समितिको निर्णय बमोजिम खर्च गर्नु पर्नेछ।

(२) विद्यालय कोषको सञ्चालन व्यवस्थापन समितिको अध्यक्ष वा सो समितिले तोकेको व्यवस्थापन समितिको सदस्य र प्रधानाध्यापकको संयुक्त दस्तखतबाट हुनेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि माध्यमिक विद्यालय कोषको सञ्चालन प्रधानाध्यापक र लेखापाल वा लेखा सम्बन्धी काम गर्ने शिक्षक वा कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ।

(४) विद्यालयको हिसाब किताब राख्ने काम प्रधानाध्यापक र लेखा सम्बन्धी काम गर्ने व्यक्तिको हुनेछ।

(५) विद्यालयको कार्य सञ्चालनको लागि विद्यालय कोषको रकम नजिकैको कुनै बैङ्कमा खाता खोली जम्मा गर्न सकिनेछ।

(६) विद्यालयको सम्पूर्ण खर्च विद्यालय कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ।

**७८. विद्यालयको आय व्ययको लेखा:** (१) सबै किसिमका विद्यालयले विद्यालयको आय व्ययको लेखा अनुसूची - २३ बमोजिमको ढाँचामा राख्नु पर्नेछ।

(२) विद्यालयको आय व्ययको लेखा बिल भरपाई लगायत आवश्यक कागजात राख्ने काम विद्यालयको रकम खर्च गर्न अधिकार प्राप्त अधिकारीको हुनेछ।

(३) उपनियम (२) बमोजिम कागज प्रमाणित गराई राख्ने, राख्न लगाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ।

(४) उपनियम (१) बमोजिमको आय-व्ययको लेखा राख्दा विद्यालयको काम कारबाहीको वास्तविक स्थिति थाहा हुने गरी मालसामानहरुको खरिद बिक्री र विद्यालयको नगदी जिन्सी, जाय-जेथा दायित्व आदिको विस्तृत विवरण स्पष्ट रुपले खोलेको हुनु पर्नेछ।

(५) विद्यालयको नगदी, जिन्सी, जाय-जेथामा कुनै किसिमको हिनामिना, हानी नोक्सानी वा लापरबाही हुन नपाउने गरी सुरक्षित राख्ने र सोको लगत राख्ने तथा राख्न लगाउने दायित्व प्रधानाध्यापकको हुनेछ।

(६) प्रधानाध्यापकले विद्यालयको आय-व्ययको प्रतिवेदन गाउँपालिकाले तोकेको अवधिभित्र मासिक वा त्रैमासिक रुपमा सो कार्यालयमा पठाउनु पर्नेछ।

**७९. लेखा परीक्षण गराउने:** (१) व्यवस्थापन समितिको अध्यक्ष र प्रधानाध्यापकले प्रत्येक वर्ष गाउँपालिकाबाट नियुक्ति लेखापरीक्षकबाट विद्यालयको लेखा परीक्षण गराउनु पर्नेछ।

(२) लेखा परीक्षणको सिलसिलमा प्रधानाध्यापकले विद्यालयको आय व्ययको बहीखाता लेखा परीक्षकले मागेको बखत जाँच्न दिनु पर्नेछ र निजले कैफियत (तलब) गरेको कुराको यथार्थ जवाफ समेत सरोकारवालालाई दिनु पर्नेछ।

(३) विद्यालयको आय-व्ययको लेखा निर्देशनालय वा गाउँपालिकाबाट खटाइएको कर्मचारीले जुनसुकै बखत जाँचबुझ गर्न सक्नेछ। यसरी जाँचबुझ गर्दा खटीई आएको कर्मचारीले माग गरेको विवरण देखाउनु प्रधानाध्यापकको कर्तव्य हुनेछ।

(४) यस नियम बमोजिम लेखापरीक्षकले विद्यालयको लेखा परीक्षण गर्ने सिलसिलामा अन्य कुरामा अतिरिक्त विद्यालयको आम्दानी र खर्चका बारेमा विद्यालयमा व्यवस्थापन समितिका पदाधिकारीहरुसँग छलफल गरी आफ्नो प्रतिवेदन तयार गर्नु पर्नेछ।

(५) प्रधानाध्यापकले लेखापरीक्षकबाट प्राप्त प्रतिवेदन शिक्षक तथा अभिभवाकको भेला गराई सार्वजनिक गरी त्यस्तो प्रतिवेदन र वासलात नियमित रुपमा गाउँपालिकामा पठाउनु पर्नेछ।

**७९क. विद्यालयको काम कारबाहीको सामाजिक परीक्षण गर्ने:** सामुदायिक विद्यालयको काम कारबाही ऐन तथा नियमावली बमोजिम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गर्न विद्यालय सामाजिक परीक्षण मापदण्ड-२०७८ बमोजीम देहाय बमोजिमको एक सामाजिक परीक्षण समिति रहनेछः

(क) शिक्षक अभिभावक संघको अध्यक्ष - संयोजक

(ख) विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका अभिभावकहरु मध्ये एकजना महिला अभिभावक समेत पर्ने गरी शिक्षक अभिभावक संघले तोकेको दुईजना
- सदस्य

(ग) विद्यालयले रहेको सम्बन्भधित वडाको वडा अध्यक्ष - सदस्य

(घ) शिक्षक अभिभावक संघले तोकेको बुद्धिजिवी एकजना - सदस्य

(घ१) विद्यालयको उच्चतम कक्षामा अध्ययनरत प्रथम छात्र वा छात्रा - सदस्य

(ङ) प्रधानाध्यापकले तोकेको विद्यालयको शिक्षक - सदस्य- सचिव

## परिच्छेद - २७
## विविध

**८०. पुरस्कारको व्यवस्था गर्न सकिने**: गाउँपालिकाले मापदण्ड बनाई माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसईई), कक्षा१२, आधारभूत तह उत्तीर्ण परीक्षा (कक्षा ८), र कक्षा ३/५ को उपलब्धी परीक्षण परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने-गराउने विद्यालय, शिक्षक, विद्यार्थीलाई पुरस्कारको व्यवस्था गर्न सक्नेछ।

**८१. पीरमर्का, गुनासो सुनुवाई सम्बन्धी व्यवस्था**: (१) ऐन, यस नियमावली तथा प्रचलित कानून बमोजिम अन्यत्र उजूरी वा पुनरावेदन गर्न पाउने व्यवस्था भएकोमा बाहेक कुनै शिक्षकलाई आफ्नो सेवा, शर्त र सुविधा सम्बन्धी विषयमा मर्का परेको छ भन्ने लागेमा वा सो सम्बन्धमा सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कारबाही नभएमा निजले आफूलाई परेको पीरमर्का गुनासो गाउँपालिका समक्ष राख्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम राखिएको पीरमर्का वा गुनासोको गाउँपालिकाले सुनुवाई गरी त्यस्तो पीरमर्का तथा गुनासो समाधान गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको पीरमर्का तथा गुनासो गाउँपालिकाबाट समाधान हुन नसकेमा सम्बन्धित निकाय समक्ष राख्न सकिनेछ।

**८२. शिक्षक युनियन सम्बन्धी व्यवस्था**: (१) शिक्षकले प्रचलित कानून बमोजिम शिक्षकहरुको पेशागत संघ-संगठनको व्यवस्था शिक्षक युनियन सम्बन्धी विधानमा उल्लेख भए बमोजिम हुनेछ।

**८३. विद्यालयमा बालमञ्च, स्काउट र जुनियर रेडक्रस सर्कल सम्बन्धी व्यवस्था :**

विद्यालयमा बालमञ्च, स्काउट र जुनियर रेडक्रस सर्कल गठन गरी बिभिन्न क्रियाकलाप गरिने छ।

**८४. बार्षिक विवरण पेश गर्नु पर्ने**: विद्यालयले प्रत्येक शैक्षिक वर्ष समाप्त भएको एक महिना भित्र देहायका विवरणहरु गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(क) कक्षागत रुपमा विद्यार्थी विवरण,

(ख) कक्षागत रुपमा उत्तीर्ण विद्यार्थी विवरण,

(ग) कक्षागत रुपमा प्रदान गरिएको छात्रवृत्ति सम्बन्धी विवरण,

(घ) विद्यालयले गरेको कुल आय व्ययको विवरण।

**८५. कोचिङ्ग कक्षा सञ्चालन सम्बन्धी व्यवस्था**: (१) कोचिङ्ग कक्षा सञ्चालन गर्न चाहने व्यक्तिले अध्यापन गर्ने कक्षा र विषय समेत खुलाई अनुमतिको लागि गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा गाउँपालिकाले आवश्यक शर्त तोकी निवेदन दिने व्यक्तिलाई कोचिङ्ग कक्षा सञ्चालन गर्न अनुमति दिन सक्नेछ।

(३) उपनियम (२) बमोजिम अनुमति लिनु अघि सम्बन्धित व्यक्तिले गाउँपालिकाले तोकेको बैङ्कमा पचास हजार रुपैंया धरौटी राख्न पर्नेछ।

(४) अनुमति प्राप्त व्यक्तिले शर्त बमोजिम कोचिङ्ग कक्षा सञ्चालन नगरेमा गाउँपालिकाले त्यस्तो अनुमति जुनसुकै बखत रद्द गर्न सक्नेछ। तर यसरी अनुमति रद्द गर्नु अघि सम्बन्धित व्यक्तिलाई आफ्नो सफाई पेश गर्ने मौका दिनु पर्नेछ।

**८५क. अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी व्यवस्था**: (१) विद्यालयले सिकाइ उपलब्धी कम्जोर भएका बिषयहरुको नियमित कक्षा संचालन हुने समय भन्दा बाहेकको समयमा अतिरिक्त कक्षा सञ्चालन गर्ने सक्नेछ। त्यस्तो कक्षा संचालन गर्नु अघि सम्बन्धित अभिभावकको

भेला डाकी निर्णय गर्नु पर्नेछ र सो को जानकारी गाउँपालिकामा गराउनु पर्नेछ ।

**८६. छात्रबास सम्बन्धी व्यवस्था :**

विद्यालयले छात्रबासको व्यवस्था गर्न सक्नेछ ।

**८७. नियम बनाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गाउँ कार्यपालिकाले आवश्यक नियम, निर्देशिका र कार्यविधि बनाउन सक्नेछ।

**८८. बाधा अड्काउ हटाउने अधिकार**: यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन सक्नेछ।

**८९. खारेजी र बचाउ**: (१) यो नियमावली वा यस नियमावली अन्तर्गत बनेका नियममा लेखिए जति कुरामा सोही बमोजिम नलेखिएको कुरामा प्रचलित कानुन बमोजिम हुनेछ ।

(२) यस नियमावलीका कुनै दफा तथा उपदफाहरु संविधान, संघीय तथा प्रदेश कानुन सँग बाझिएको हद सम्म स्वतः निष्क्रिय हुनेछन् ।

(३) यो नियमावली प्रारम्भ हुनु पहिले भए गरेका कार्य यसै नियमावली बमोजिम भए गरेको मानिनेछ ।

आज्ञाले